लामखुट्टेबाट सर्ने रोगबाट बचौं
- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरिपरि पानी जम्न नदिऔं ।
- घर तथा गोठवरिपरि सफासुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन २५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 10 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४१

बकैया खोलाको ड्याम भत्किएपछि रोकथामको प्रयास जारी

प्रस, निजगढ, २४ साउन/

केही दिनदेखि परेको अविरल वर्षाले निजगढस्थित बकैया खोलामा आएको बाढीले पुल, राजमार्ग, बस्तीनजीकैको ड्याम भत्किने क्रम बढेपछि सोमवार रातिदेखि नै आसपासका स्थानीयवासी त्रासमा छन् ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गको निजगढ नगरपालिका-८ स्थित बकैया पुलदेखि तीन सय मिटरनजीकैको पूर्वतर्फको ड्याम बाढीले उच्च कटान गरेपछि स्थानीयवासीहरूमा त्रास बढेको हो ।

निजगढ नपाको आग्रहमा सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन बेस निजगढ, इलाका प्रहरी कार्यालय, निजगढ, फास्ट ट्र्याकमा खटेको नेपाली सेना, निजगढ नपाका प्राविधिक, कर्मचारी, सडक डिभिजन कार्यालय, हेटौंडाका प्राविधिकसहितको टोलीले बाढीको जोखिम घटाउन हिजो बिहानदेखि नै बोरामा गिट्टी भर्दै खोलामा खसाल्ने कार्य गरे पनि तत्कालै प्रभावकारी नदेखिएपछि मोहोरीबाट ठूला ढुङ्गा टिपरमा ल्याएर ड्याम कटान गरिएको खोलामा खसालिएको छ। ढुङ्गाका कारण तटबन्ध कटान कम भएको अनुमान छ। यसैगरी, हिजो बेलुकीदेखि बकैया खोलाको पानीको धार परिवर्तन गर्न तीनवटा एक्साभेटरले निरन्तर खोलामा च्यानलाइज्डको कार्य गरिरहेको छ ।

ड्याम पूर्णरूपमा फुट्दा निजगढ नपा-८ स्थित सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन बेस, बकैया पुल, राजमार्ग, बकैया ठाकुर विद्यालय, नेपाल विद्युत् प्राधिकरण निजगढ, सुकुमबासीबस्ती, गैरीगाउँ, बकैयाटोल आसपासका १५ सयभन्दा बढी घरधुरी उच्च प्रभावित हुने देखिन्छ ।

राजमार्गको बकैया पुलदेखि ५०० मिटर दायाँ-बायाँको क्षेत्राधिकार सडक डिभिजन कार्यालय, हेटौंडाको रहेकोले वर्षामा बाढीले ड्याम कटान गर्दै बस्तीतर्फ आउन सक्ने सम्भावनालाई मध्यनजर गरी रोकथामका लागि आफूले पटकपटक आग्रह गरे पनि बजेट अभाव देखाउँदै पुलको संरक्षण हुनेगरी मात्रै तारजाली भर्दा अहिले बस्ती जोखिममा पर्न थालेको निजगढ नगरप्रमुख सुरथ पुरीले बताए ।

सडक डिभिजनले आफ्नो क्षेत्राधिकारभित्रको पुल, तटबन्ध सुरक्षित गर्ने कार्यलाई बेलैमा ध्यान नदिंदा बर्सेनि बाढी बस्तीमा पस्ने जोखिम उच्च भएको नगरप्रमुख पुरीको भनाइ छ ।

उनले स्थानीय साधन स्रोतले भ्याएसम्म तत्कालका लागि बाढी रोकथामका उपायहरू अपनाइरहेको बताएका छन् । अविरल वर्षाले चुरे फेदमा रहेका रतनपुरको डमरपुर, भक्तलाल, कुलिया, रामथली, बारथली, बुङ्जोर, लाल, सिंगौलमा रहेका खोला खोल्सी, खहरेले खेतीयोग्य जमीन तीव्र कटान गरिरहेकाले नगरपालिकाको भ्याकुलोडरले रोकथामका प्रयास गरि रहेको निजगढ नपाकी उपप्रमुख सोममाया थिङले बताइन् । सो क्षेत्रमा २० हेक्टरभन्दा बढी जमीन कटान भएको स्थानीयहरूको भनाइ छ ।

निजगढमा बाढीका कारण ड्याम भत्किएर बाढी बस्तीमा पस्न सक्ने सम्भावना बढेपछि बाराका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष नवराज सापकोटा बाढी प्रभावित क्षेत्रको निरीक्षण गर्न हिजो निजगढ आएका थिए । राजमार्गको बकैया पुल उत्तरतर्फको निश्चित क्षेत्रमा नदीजन्य पदार्थ थुप्रिएकाले नदीले धार परिवर्तन गर्दा यस किसिमको विपत् आइपरेको प्रजिअ सापकोटाले बताए ।

स्थानीय तह निजगढ नपाको नगरस्तरीय विपत् व्यवस्थापन समितिको निर्णय प्राप्त भएपछि जतिसक्दो छिटो जिल्लास्तरीय विपत् व्यवस्थापन समितिले प्राविधिक टोली खटाइ सो टोलीले दिएको रायसुझावको आधारमा थुप्रिएका नदीजन्य पदार्थको उचित व्यवस्थापन गर्न आफूले निर्देशन दिएको प्रजिअ सापकोटाले जानकारी दिए ।

विपत्को बेला जनधनको क्षति हुन नदिन स्थानीय तहलगायत सबैको उत्तिकै जिम्मेवारी रहेकाले तत्कालै यसतर्फ ध्यान दिन सबै पालिकालाई आग्रह गरिएको उनले बताए ।

बाढी मापन यन्त्र बकैया पुलमा जडान भएकोले खोलामा बाढीको बहाव उच्च हुनासाथ निजगढस्थित सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन बेस निजगढलाई जानकारी हुने हुनाले सो जानकारी पाउनासाथ बाढी प्रभावित क्षेत्रका स्थानीयहरूलाई जानकारी प्रवाह गरिने उनले बताए । त्रासमा नबसे पनि चनाखो भएर बस्न सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन बेस निजगढका प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र थापाले बताए ।

उनले बिहानको तुलनामा खोलामा पानीको बहाव निकै घटिसकेको तर पानी परेको खण्डमा बहाव बढ्ने बताए । बकैया पुललाई पूर्णरूपमा निस्तेज गरी नयाँ पुल निर्माण गर्ने सरकारको योजना रहेको पुल विभाग, सडक विभागले बकैया पुल र ड्यामका लागि चार वर्षयतादेखि बजेट विनियोजन नगरेको सडक डिभिजन कार्यालय, हेटौंडाका इन्जिनीयर रमेश पाण्डेले बताए ।

स्थानीय तह निजगढ नगरपालिका र कोल्हवी नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का लगाउँदै आए पनि बेलैमा उचित अनुगमन नगर्दा ठेकेदारले ठेक्कामा तोकिएभन्दा दैनिक सयौं गुना बढी नदीजन्य पदार्थ उत्खनन, दोहन गर्दै मापदण्डको खिल्ली उडाएकै कारण अहिले सानो प्राकृतिक विपत्तिले ठूलो क्षति पुऱ्याएको स्थानीयको आरोप छ ।

विगत पाँच-सात वर्षयतादेखि खोलाका ड्याम भत्किने क्रम जारी रहे पनि यसको मर्मत, सम्भार र थप ड्याम निर्माण नगर्दा बर्सेनि बाढीको त्रास रहेको छ । स्थानीय तह निजगढ र कोल्हवी नगरपालिकाले आन्तरिक राजस्वको स्रोतका नाममा बर्सेनि बकैया खोलामा नदीजन्य पदार्थ (दहत्तर बहत्तर)को १५ देखि २० करोड रुपैयाँसम्मको ठेक्का लगाउँछन् ।

ठेक्का लगाइएका खोलाबाट ठेकेदार कम्पनीले तोकिएको मापदण्ड, परिमाणलाई उल्लङ्घन गर्दै अधिक नदीजन्य पदार्थ उत्खनन, दोहन गर्छ । जसका कारण खोलाको प्राकृतिक पानी बग्न सतहले धार परिवर्तन गर्दा माथिल्लो तटीय क्षेत्र, पुल, ड्याम जस्ता संरचनाहरूमा कटान गर्ने र तल्लो तटीय क्षेत्रमा बालुवा थुपार्ने गर्दा वन, मानवबस्ती, खेतीयोग्य जमीन, पुल पुलेसा, राजमार्ग उच्च जोखिममा पर्ने गरेका छन् । यस खोलाको शिर चुरे र आसपासमा अझै वर्षा बाढीको त्रास बढ्ने सम्भावना अधिक छ ।

१) बाढीले कटान गरेको बकैया खोला पुलको उत्तरतर्फको ड्याम, २) निजगढ नपाका प्रमुख सुरथ पुरी, जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष एवं बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोट, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूलगायत, ३) मधेस प्रदेशसभा सदस्य माला लामा, ४) कटान रोक्न बोरामा गिट्टी भरेर खसाल्दै सशस्त्र र जनपद प्रहरी तथा नेपाली सेनाका टोली । तस्वीरः प्रतीक

सर्लाहीमा बाढीमा दुईजनाको मृत्यु, ९० जनाको उद्धार

नितेश कर्ण, वीरगंज, २४ साउन/

सर्लाहीको धनकौल गाउँपालिका-४ महिनाथपुरस्थित एकादशी खोला र बागमती नदीको बीचमा फसेका यात्रु र खेतमा काम गर्न गएका स्थानीयलाई रौतहट पठाइएको छ ।

बाढीले महिनाथपुरस्थित एकादशी खोलाको पुल भासिएकोले उनीहरूलाई सर्लाही ल्याउन नसकेपछि रौतहट प्रहरीसँग समन्वय गरेर रौतहट पठाइएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए । उनले सेनाको गाडीबाट सर्लाही ल्याइएको बताए ।

हिजो बिहान खाना खाएर खेतमा काम गर्न निस्केका स्थानीय र रौतहटबाट सर्लाही आउँदै गरेका केही यात्रु महिनाथपुरस्थित एकादशी खोलामा ह्युमपाइप राखेर माटोले पुरिएको पुल बाढीले बगाएपछि सर्लाहीको महिनाथपुर र रौतहटको धर्मपुरलाई जोड्ने बागमती पुलको पूर्वपट्टि माटोले पुरेर ग्राभेल गरेको सडकमा अलपत्र परेका थिए ।

मानिस अलपत्र परेकोबारे जानकारी हुनासाथ जनपद र सशस्त्र प्रहरी तथा सेनाको टोली पुगेर ९० जनाको उद्धार गरी सकुशल सर्लाही पुऱ्याइएको थियो ।

मौलापुर-जयनगर जाने लालबकैया पुलको पश्चिमतर्फको नदीमा आएको बाढीले पुलको एप्रोच सडक कटान गरेकोको दृश्य । तस्वीरः प्रतीक

सर्लाही र महोत्तरी जिल्लाको सीमा भएर बग्ने बाँके खोलामा आएको बाढीले बगाउँदा एकजनाको मृत्यु भएको छ । सर्लाही हरिपुर्वा नगरपालिका-७, वसन्तपुरका ६० वर्षीय भोला चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । सोमवार रातिदेखि सम्पर्कविहीन भएका चौधरीको शव खोलामा फेला परेको गौरीशङ्कर प्रहरी चौकीका इन्चार्ज नन्दलाल बैठाले बताए । चौधरीले मादक पदार्थ सेवन गरेको प्रहरीले पुष्टि गरेको छ ।

यसैगरी, बरहथवा नगरपालिकामा पर्ने हजरियामा बागमती नदीमा आएको बाढीले बगाउँदा खेतमा काम गर्न गएका रौतहट गढीमाई नगरपालिका-२ समनपुरका ६५ वर्षीय शहीद राइन भाटको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।

गौर-चन्द्रपुर सडकखण्ड अवरुद्ध

प्रस, रौतहट, २४ साउन/

गौर-चन्द्रपुर सडकखण्डको गौर नगरपालिका-६ सबगढा लचकामा बाढीको वेग तीव्र भएर आवतजावत अवरुद्ध भएको छ ।

दुई दिनदेखिको अविरल वर्षाका कारण लालबकैया, झाझ, बागमती नदीमा आएको बाढीले बुधवार गौर-चन्द्रपुर सडकखण्डको सबगढा लचकामा पानी तीव्र भएपछि आवागमन अवरुद्ध भएको हो । बाढीको पानी तीव्र गतिको भएकोले दुवैतर्फ सवारीसाधन पार्किङ गरेर यात्रुहरू गौर जाने गरेका छन् । हिजो आएको बाढी कम हुँदै गए पनि गौरमा भने बाढी बढिरहेको स्थानीयले बताए ।

उत्तरी भेगमा आएको बाढी दक्षिणतर्फ सर्न लागेको कारण पनि दक्षिण भेगका बाटोमा पानी अहिले आउन थालेको हो । यसैबीच बाढीबाट दुर्गा भगवती गापाका बडहर्वा, मत्सरी र पचरुखीका दर्जनभन्दा बढी घरका मानिस विस्थापित भएका छन् । उनीहरू बाढीको प्रकोपबाट जोगिन घर छाडेर सडकमा बस्न बाध्य भएका छन् ।

नदीहरूमा अलपत्र परेका मानिसहरूको सुरक्षाकर्मीद्वारा उद्धार

अविरल वर्षाका कारण बागमती, लालबकैया र झाँझ नदीमा आएको बाढीले विभिन्न ठाउँमा अलपत्र परेका मानिसहरूलाई स्थानीयवासीको सहयोगमा खटिएको संयुक्त सुरक्षाकर्मीले सुरक्षित उद्धार गरेर घर पुऱ्याएका छन् ।

परोहा नपा-४ पोखरियाटोलका तीनजना, दुर्गाभगवती गापा-५ का ७० जना, राजपुर नपा फतुवाटोलका पाँचजना गरी ७८ जनालाई सुरक्षित उद्धार गरिएको जिप्रका, रौतहटका सूचना अधिकारी उमाशङ्करप्रसाद यादवले बताए ।

खेतमा काम गर्न गएका बेलामा पानीको बहाव बढ्न गई फसेका तीनजना

जलमग्न गौर-चन्द्रपुर सडकखण्ड । तस्वीरः प्रतीक

(बाँकी पाँचौं पातामा)

अख्तियारद्वारा मालपोत, पर्साका मिश्रसहित छजनाविरुद्ध मुद्दा दायर

प्रस, वीरगंज, २४ साउन/

भूमिसुधार तथा मालपोत कार्यालय पर्साका हाल सेवानिवृत्त तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रलगायत छजनामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधवार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

राजस्व हिनाहिना तथा व्यक्तिगत लाभ लिएको भन्दै अख्तियारले मिश्रसमेत अधिकृत सन्दकुमार द्विवेदी ब्राह्मणसहित चन्द्रबहादुर भण्डारी, कम्प्युटर अधिकृत कमोद तिवारी, नायब सुब्बा रामेश्वरप्रसाद साह र लेखनाथ भट्टराईमाथि जरिवानासहित हदैसम्म सजायको माग गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता भोला दाहालले बताए ।

भूमिसुधार तथा मालपोत कार्यालय, वीरगंजको रजिस्ट्रेशन फाँट (क) र (ग) बाट २०७३/०४/०२ गतेका दिन रजिस्ट्रेशन पास गर्दा लिखतहरूमा घरबाटो सिफारिश भएपनि सो सिफारिश लुकाइ सिफारिशविना न्यूनतम मूल्याङ्कनभन्दा कम मूल्य राखी राजस्व हिनामिना गरेको र बाँकी रकम उनीहरूले बाँडफाँड गरी व्यक्तिगत फाइदाको लागि लिखत पारित गरेपछि उनीहरूविरुद्ध अख्तियारमा उजूरी परेको थियो ।

भूमिसुधार तथा मालपोत अधिकृत मिश्रले उमेर हदले सेवाबाट अवकाश पाइसकेका छन् । फाँट (क)बाट १७ वटा र फाँट (ग)बाट दुईवटा लिखत पारित गर्दा लाग्ने राजस्व रु ४,२५,५३१.२० पैसा चुहावट भएको अख्तियारको दाबी छ । अख्तियारले रामेश्वरप्रसाद साहलाई बिगो रु ३,८७,००२.४५ को दोब्बर रु ७,७४,००४.९०, कमोद तिवारीलाई बिगोको दोब्बर रु २३,४९५.५०, चन्द्रबहादुर भण्डारीलाई बिगोको दोब्बर रु ४,७८,८०८ र लेखनाथ भट्टराईलाई पनि बिगोको दोब्बरी रु ७७,०५७.५० हानि पुऱ्याएको अख्तियारको दाबी छ । भट्टराईले राजस्व हिनामिना गरेबापत रु ३८,००० दाखिला गरिसकेका छन् ।

विचारसार एवं सूक्तिहरू

सबै दुनियाँ बदल्न खोज्छन् तर आफूलाई बदल्न कोही चाहँदैन ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

अस्पतालको गुण्डागर्दी ?

नारायणी अस्पतालमा कार्यरत महिला स्वास्थ्यकर्मीहरूमाथि दुर्व्यवहार भएको घटना बाहिरियो । अस्पतालकै प्रशासनिकलगायत विभिन्न फरक शाखातर्फका आठजना पुरुष कर्मचारीले मदिरासेवन गरी राति ११ बजेको समयमा संवेदनशील प्रसूति वार्डमा अनधिकृतरूपमा प्रवेश गरी डयुटीमा रहेका महिला स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार गरेका हुन् । पीडित पक्षले आफ्नो अभिभावक निकाय अस्पताल प्रशासनमा घटनाको भोलिपल्टै दिएको जाहेरीपछि कुरा बाहिरिएको हो। पीडित स्वास्थ्यकर्मीहरूका अनुसार गुण्डागर्दीशैलीमा प्रवेश गरेको पुरुष समूहले महिला स्वास्थ्यकर्मीहरूलाई छुने, समात्ने दुष्प्रयास गरेको र उक्त दुष्प्रयास सफल नभएपछि उनीहरूको झोला, खाजा नियन्त्रणमा लिएर आतङ्कित पारे । लेबर रूममा सम्बन्धित पुरुष चिकित्सकबाहेक अन्य पुरुषलाई प्रवेश निषेध छ । त्यहाँ महिला स्वास्थ्यकर्मी र सहायक पनि महिलाहरू नै छन् । घटना साउन १७ गते रातिको हो । पीडित पक्षले अस्पताल प्रशासनमा जाहेरी दिएको पनि एक साता बितिसक्यो। अस्पतालको सिसिटिभी फुटेजले जाहेरीको बेहोरा सत्य रहेको पुष्टि गरेको छ । फेरि पनि अस्पताल प्रशासनले प्रहरीमा जाहेरी पठाएको छैन। तीन दिने स्पष्टीकरण सोधिएको र छानबीन गरिने आश्वासन दिएको छ । पीडकहरू आआफ्नै जिम्मेवारीमा छन्, पीडित स्वास्थ्यकर्मी डराएर हिंड्नुपर्ने अवस्था छ । उनीहरू मानसिक तनावमा छन् ।

अस्पताल अति संवेदनशील सार्वजनिक सेवा स्थल हो । अस्पताल कर्मचारीबीचको मामिलालाई आन्तरिक मामिला मानिंदैन । स्वास्थ्य क्षेत्र फौजी सङ्गठन होइन । सेना, प्रहरी जस्ता फौजी सङ्गठनमा मात्रै सरकारवादी मुद्दामा पनि आन्तरिक कारबाईको कुरा छ। अस्पताल घटनामा दुनियावादी फौजदारी कानून र सरकारवादी फौजदारी कानून दुवै आकर्षित हुन सक्छ। दुर्व्यवहारको मात्रै कुरा होइन, अस्पताल आफैंमा संवेदनशील क्षेत्र हो। संवेदनशील अस्पतालको पनि संवेदनशील गाइनो वार्ड हो। महिलामाथि भएको दुर्व्यवहारले दुनियावादी फौजदारी कानून र सरकारी अस्पतालको संवेदनशील वार्डमा गरिएको गुण्डागर्दीले सरकारवादी फौजदारी कानून आकृष्ट हुन सक्छ । फौजदारी अभियोगलाई निष्क्रिय पार्न खोज्ने, रोक्ने वा मिलाउने गलती अस्पताल प्रशासनले गर्नुहुँदैन। हो, प्रहरीको अनुसन्धानमा अस्पतालले सहयोग पुर्‍याउन सक्छ ।

अस्पतालको जिम्मेवारीमा रहेका आरोपितविरुद्ध छानबीन हुनुभन्दा पहिले उनीहरूलाई निलम्बन गर्नुपर्छ । त्यसपछि स्पष्टीकरण सोध्ने र छानबीन गर्ने अस्पतालको आफ्नो प्रक्रिया हो । जिम्मेवारीमा रहँदा दोषीले प्रमाण लोप गर्ने वा छानबीन प्रक्रिया प्रभावित पार्ने निश्चित छ। पीडित पक्षलाई मिल्न दबाब, आश्वासन र धम्की पीडक पक्षले दिइरहेका हुन्छन् । अझ राजनीतिक पहुँच भएका पीडकहरूले सरुवा र नोकरी खोस्नेसमेत चेतावनी दिन्छन् । अस्पतालमा उजूरी आउने बित्तिकै त्यसलाई प्रहरीमा पठाइयो भने पीडकका [redacted], सामाजिक सञ्जाल एवं सञ्चार [redacted] ध्यान पुर्‍याउन सक्छ । मातहतका [redacted]लाई नेतृत्व प्रदान गर्नुपर्ने अस्पताल [redacted]बाई गर्ने क्षमता वा अधिकार क्षेत्र [redacted] पक्षलाई समयमा जानकारी वा [redacted]हन्छ ।

भू-संरक्षण र भौतिक भूगोलका केही परिदृश्य

स्वतन्त्र विचार

सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

नेपालमा भूसंरक्षणका लागि भएका प्रयासहरूबारे सर्वसाधारण पनि जानकार छन् । सरकारको तर्फबाट भूसंरक्षणको लागि जति प्रयास भइरहेको छ, जनस्तरबाट त्यति हुन सकेको छैन । हरेक व्यक्तिले आफ्नो वरपरको जमीनलाई संरक्षण गर्न सक्दो प्रयास गर्नुपर्दछ ।

हामीले जानेको भूगोलको माथिल्लो सतहलाई सामान्यतया जमीन भन्दछौं र जमीनभित्रको भागलाई भूगर्भ । जमीनलाई भुइँ पनि भन्ने चलन छ । यहीं भुइँको अघिल्लो भाग 'भु' नै 'भू' भएर आउँछ 'भू-संरक्षण' मा । 'भू-संरक्षण' र 'भूसंरक्षण' भन्नु चाहिं एउटै हो । दुई किसिमले लेखिए पनि शब्द एउटै हो, भाव र अर्थ पनि उही हो ।

भूसंरक्षण 'भू-आकृति विज्ञान' सित सम्बन्धित छ । भूआकृति विज्ञानभित्र पृथ्वीको आयु एवं भूगर्भिक समय मापक, भूगर्भको संरचना, चट्टानको उत्पत्ति, प्रकार तथा संरचना, महाद्वीप एवं महासागरहरूको उत्पत्ति, समस्थिति सिद्धान्त, वेगनरको महाद्वीपीय विस्थापन सिद्धान्त, प्लेट विवर्तनिकी, पर्वत निर्माणको सिद्धान्त, अन्तर्जात एवं बहिर्जात बल पर्दछन्। यसैगरी भूआकृति विज्ञानकै क्षेत्रभित्र भूकम्प, ज्वालामुखी, सुनामी, अपक्षय, भूआकृतिक कारक एवं प्रक्रिया तथा बृहद्क्षरण, अपरदन चक्रको संकल्पना, डेविस तथा पेंकको विचार, ढलानको विकासको संकल्पना, स्थलरूपको उद्भव, नदीहरूद्वारा निर्मित भूदृश्य, वायुद्वारा निर्मित भूदृश्य, समुद्रतटीय भूआकृति, कार्स्ट भूआकृति, हिमानीद्वारा निर्मित भूदृश्य अनि मानवीय क्रियाकलाको लागि भूआकृति विज्ञानको व्यावहारिक प्रयोग वा व्यावहारिक भूआकृति विज्ञान आदि पर्दछन् ।

हामी सर्वसाधारणले सामान्यतया भूसंरक्षण भनेर जमीनको माथिल्लो सतहकै संरक्षण भनेर बुझ्दछौं र यसबारे विस्तृत जानकारी प्राप्त गर्न चाहँदैनौं । नेपालमा भूगोल अध्ययनको लागि खासै अभिरुचि पनि देखिएको छैन । भूआकृतिको उपयोगमा आउने व्यावहारिक भूआकृति विज्ञानको एक पक्षको रूपमा रहेको मुख्य क्षेत्रको उपयोगको लागि हामी बढी उद्यत देखिन्छौं, जसलाई हामी सबैले साधारण भाषामा इन्जिनीयरिङ भन्दछौं । हुन त इन्जिनीयरिङको क्षेत्र निकै विशाल छ तर जमीनको उपयोगसित सम्बन्धित क्षेत्र यसको अध्ययनको क्षेत्रभित्र पर्न सक्छ भन्ने विषयमा हामी त्यति जानकार छैनौं। भूसंरक्षण निकै गहन विषय हो। यसबारे हरेक व्यक्ति जानकार हुनु अत्यावश्यक छ। भूसंरक्षण गर्न नजानेर वा नसकेर वा यस विषयलाई नबुझेर धेरै किसिमले नोक्सान बेहोरिरहेका छौं ।

सबैभन्दा पहिले सामान्य नागरिकले बुझ्ने जमीनको माथिल्लो सतहको संरक्षणको पक्षमा नै विचार गरौं । जमीनको माथिल्लो सतहको संरक्षण किन आवश्यक छ । के संरक्षण गर्नु जरूरी छ ? यसरी विचार गर्ने हो भने सामान्यतया अधिकांश भूभाग संरक्षित नै पाउँछौं, स्वतः संरक्षित । तर उपयोग भइरहेको जमीन र उपयोग भइ नरहेको जमीन दुवै संरक्षित अवस्थामा नरहेको देखिन्छ। उदाहरणको लागि-उपयोग भइरहेको जमीनको अधिकांश भाग बसोवास र खेतीको लागि भइरहेको छ । बसोवास भएको जमीन त सुरक्षित छ भन्ने लाग्छ तर जमीनको माथिल्लो भागलाई घर बनाएर उपयोग गरी छोपेका हुन्छौं । जमीनलाई छोपेर संरक्षण गर्न सकेका छैनौं। जमीनमुनि पानी हुन्छ र पानीको स्रोत भनेको सतहको पानी हो। सतहमा वर्षाबाट पानी आउँछ। जब घर निर्माण गर्छौं तब जमीनमुनि पानी जाने बाटो अवरुद्ध हुन्छ । यसैगरी सडक ढलान गर्दछौं । शहर बजारमा त जमीनको पानी सोझै नालामा जान्छ र नालाबाट नजीकको नदीमा पुग्छ। स्वाभाविक हो, जमीनभित्रबाट विभिन्न तरीकाले पानी निकालिन्छ तर जमीनमा पानी जाने बाटोलाई सम्भव भएसम्म अवरुद्ध पारिन्छ । यसरी जब जमीनमा पानी जाँदैन तब जमीन सुख्खा हुन्छ र जमीन कमजोर हुन्छ। भन्नुको तात्पर्य जमीनलाई छोपेर मात्र पनि सुरक्षित पार्न सकिन्न। यसको लागि हरेक घरबाट जमीनभित्र पानी जाने बाटो दिनु अनिवार्य छ । यसको लागि सोख्ता बनाउनुपर्छ वा जमीनको तल्लो भागमा कुनै प्लास्टर नगरी खाल्टो खनी राख्नुपर्छ। कम्तीमा आफ्नो घरमा प्रयोग हुने सबै पानी जुन बाहिर पठाइन्छ, त्यो पानी सोझै सोही सोख्ता वा खाल्टोमा पुगोस्, त्यो पानी जमीनले पाओस्। जमीनलाई पानी प्राप्त भइरह्यो भने अलिकति सुरक्षित हुन्छ।

बसोवाससँगै खेतीको प्रसङ्ग आउँछ। खेतीपातीमा उपयोग गरिएको जमीनलाई सुरक्षित मानिन्छ । तर जमीनमा अनावश्यक मात्रामा अत्यधिक उत्पादनको लागि प्रयोग गरिने रासायनिक मल तथा विषादिले पनि हानि वा नोक्सानी पुर्‍याइरहेको हुन्छ । यसले जमीन मात्र नभएर पर्यावरणलाई पनि नोक्सानी पुर्‍याइरहेको हुन्छ। अत्यधिक रासायनिक मल तथा विषादि प्रयोग गरिएको तरकारी तथा खाद्यान्नले मानव स्वास्थ्यलाई नोक्सानी पुर्‍याइरहेको हुन्छ। यसबारे धेरै विचारहरू आइरहन्छन् तर समस्या जहाँको तहीं छ। यसले जमीनको उर्वराशक्ति कमजोर बनाउने, मरुभूमीकरणमा सहायक हुने, जमीनको गुणस्तर कमजोर बनाउनेजस्ता दुष्प्रभाव हुने गरेको विश्लेषणहरू आउँछन्। हेर्दा जमीनको उपयोग भइरहेको हुन्छ तर जमीनको उपयोगको नाउँमा भूसंरक्षणको दृष्टिकोणले जमीनलाई नोक्सान पुर्‍याउने काम भइरहेको विषयमा हामी सचेत हुन सकेका छैनौं, हुँदैनौं ।

शहर-बजारको छेउछाउमा खाली रहेको जमीनलाई अझ पर्यावरणीय तथा भूसंरक्षणको दृष्टिकोणले फरक पाउँछौं। यस्ता खाली जमीनमा शहर बजारबाट प्लास्टिक जम्मा भएका हुन्छन् । भए भरका प्लास्टिक जम्मा भएर यस्तो ठाउँ निकै फोहोर र दुर्गन्धित देखिन्छ । प्लास्टिक नगल्ने वा नकुहिने हुन्छ र यसले वातावरणलाई नोक्सान पुर्‍याउने काम पनि गरेको हुन्छ । भूसंरक्षणमा देखिएको यो एउटा समस्या हो ।

अहिले वर्षाको समय छ। अहिलेको समय भूसंरक्षणको दृष्टिले निकै महत्त्वपूर्ण हुन्छ। सामान्यतया सबैभन्दा बढी भूसंरक्षणको सवाल यसै बेला आउने गर्दछ । वर्षाको समयमा कतै जमीन भासिने, कतै पहिरो जाने त कतै नदीले कटान गर्ने हुन्छ। यदि वर्षाको समयमा कुनै पनि नेपाली नदीको बाढीको पानीलाई हेर्ने हो भने हिलोजस्तो धमिलो हुन्छ । धमिलो पानी किन भएको होला ? निस्सन्देह सबैले भन्ने वा बुझ्ने कुरो एउटै हो, पानीमा हिलो छ वा माटोको मात्रा बढी छ। सामान्य पानीभन्दा यसको रङ हिलोजस्तो भएको हुन्छ । यसबाट यो सिद्ध हुन आउँछ कि बाढीको पानीले धेरै माटो बगाएर लगेको हुन्छ । माटो बगाएर लैजानु पनि भूसंरक्षणको दृष्टिकोणले भूक्षय नै हो । बाढीले भूआकृतिको अर्थात् भूसतहको माटो नै बगाएर लगेको हुन्छ ।

नदी कटान तथा पहिरोले जमीनको क्षय गर्ने गरेको सबैले देखे-बुझेकै छौं। नेपालमा नदी कटान र पहिरो दुवै ज्वलन्त समस्याका रूपमा रहेका छन् । नदी कटानलाई त अब विस्तारै पहिलेको तुलनामा रोक्दै गइएको छ । अधिकांश ठूला नदीमा तटबन्ध बनाइएको छ र वर्षाको पानी पनि एक किसिमले नियन्त्रण गर्ने प्रयास गरिएको छ । हरेक वर्ष तटबन्ध जोगाउन मानिस तत्पर हुन्छन् जसले गर्दा नदीले आफ्नो सीमा ननाघोस्। नदीले पनि सामान्यतया सीमा नाघ्दैन। जहाँ सीमा नाघ्छ त्यहाँ वितण्डा मचाउँछ । हामीकहाँ नदीको प्रवाहलाई केही हदसम्म नियन्त्रण गर्ने प्रयास भएको र सधैं पहिरो जाने ठाउँको नदीको किनारलाई पनि सुरक्षित पार्ने गरिएको छ। यस किसिमको कामले केही हदसम्म सुरक्षित बनाउन सकिएको छ तर अझै अपेक्षानुकूल हुन सकेको भने छैन ।

पहिरोको समस्याले भने नेपालमा एक किसिमले यात्रुलाई डर नै हुन्छ । कहिलेकाहीं गन्तव्यमा पुग्न हिंडेको यात्री एक दिन बढी समय यस्तो अनकन्टार ठाउँमा व्यतीत गर्न बाध्य हुन्छ जहाँ कुनै सुविधा हुँदैन । पहिरोले जनधनको पनि क्षति हुने गरेको यथार्थ हो । पहिरो भूक्षयको ठूलो उदाहरण हो, नेपालको सन्दर्भमा। पहिरो आउने विभिन्न कारण छन्। पहाडसित गरिने छेडछाड पनि हो भन्ने तर्क पनि आइरहन्छ । नेपालमा कहिले सुख्खा-पहिरो पनि जान्छ। बढी मात्रामा पहिरो जाने भनेको अहिलेको वर्षाको समयमा नै हो। पहिरोले पुर्‍याउने बाह्य नोक्सानी अपूरणीय छ, साथै यसले भूआकृतिमा ल्याउने समस्या र त्यसले वातावरणमा ल्याइरहेको समस्या पनि विचारणीय नै रहेको छ।

भूगोलभित्र हलचल पनि भइरहन्छ। नेपालमा २०७२ वैशाखमा भएको भूकम्पपछि अनेकौंपटक भूकम्प र पराकम्पहरू गएका छन् तथा जाने क्रम जारी छ। यसले पनि भूसंरचनामा केही हदसम्म प्रभाव पार्दछ। भूक्षयको लागि प्रत्यक्ष र अप्रत्यक्ष भूमिका खेल्दछ ।

नेपालमा भूसंरक्षणका लागि भएका प्रयासहरूबारे सर्वसाधारण पनि जानकार छन्। सरकारको तर्फबाट भूसंरक्षणको लागि जति प्रयास भइरहेको छ, जनस्तरबाट त्यति हुन सकेको छैन । हरेक व्यक्तिले आफ्नो वरपरको जमीनलाई संरक्षण गर्न सक्दो प्रयास गर्नुपर्दछ ।

द्रुतमार्ग निर्माणमा सबैको सहयोग र समन्वय होस् -उपप्रधानमन्त्री खड्का

काठमाडौं, २४ साउन/रासस

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले देशको अर्थतन्त्रलाई महत्त्वपूर्ण रूपान्तरण गर्ने विश्वास लिइएको काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनालाई तोकिएको समयसीमाभित्र सम्पन्न गर्न सबै पक्षको सहयोग र समन्वयको खाँचो औंल्याएका छन् ।

रक्षा मन्त्रालय र मातहतका निकायको आव २०७९/८० को चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा बैठकमा उनले वर्तमान सरकारले द्रुतमार्गलाई विशेष महत्त्व दिएकै कारण लामो समयदेखि रोकिएका धेरै विषय मन्त्रिपरिषद्को एउटै बैठकले निर्णय गरेर गाँठो फुकाएको स्पष्ट गरे ।

सेनाका उच्च अधिकारीलाई उपप्रधानमन्त्री खड्काले भने, "केही अल्झनमा रहेको द्रुतमार्गको प्रस्थान बिन्दुबाहेक अन्यन्त्र सबै क्षेत्रको काम अघि बढाउनुस्, समस्या पहिचान गरी समाधानको उपाय खोजौं । नीतिगत निर्णयका आधारमा हुने ढिलाइ हटाऔं। निर्णय समयमा नहुँदा विकास निर्माणलाई क्षयीकरण भएको छ ।"

उनले कुन आयोजना, कुन ऐन र कानूनले अप्ठेरो पारेको र त्यसलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषय समीक्षामा ल्याइनुपर्ने र त्यसलाई तत्कालै सम्बोधनका लागि प्रयास गर्नुपर्नेमा जोड दिए ।

आगामी २०८३ चैत मसन्तसम्ममा पूरा गर्ने लक्ष्य लिइएको द्रुतमार्ग आयोजना शुरू भएयताको हालसम्मको भौतिक प्रगति २५ दशमलव ५४ र वित्तीय प्रगति २८ दशमलव ११ रहेको सो अवसरमा जानकारी दिइयो। नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको उक्त आयोजना मूअकरसहितको शुरू लागत रु एक खर्ब ७५ अर्ब १२ करोड ४० लाख रहने अनुमान छ। आव २०७९/८० को लक्षित भौतिक प्रगति ३२ दशमलव ८६ र वित्तीय प्रगति ८३ दशमलव २८ रहेको छ।

आयोजनालाई १३ प्याकेजमा विभाजन गरी एकदेखि सातवटासम्म निर्माण ठेक्का सम्झौता भई काम भइरहेको तथा तीनवटा प्याकेज बोलपत्र आह्वान भई मूल्याङ्कनको चरणमा रहेको दुईवटा प्याकेज डिपिआर परिमार्जनको प्रक्रियामा रहेको जानकारी दिइयो ।

खोकना क्षेत्रको प्याकेज भने जग्गाप्राप्तिमा समस्याका कारण अघि बढ्न नसकेको अवस्था छ। चालू आवमा आयोजनाका लागि रु २२ अर्ब ५० करोड बजेट स्वीकृत भएको छ । आयोजनामा हालसम्म रु ४९ अर्ब २३ करोड खर्च भइसकेको छ।

समीक्षा बैठकमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको पछिल्ला तीन बैठकका निर्णय कार्यान्वयनको स्थिति, मातहतका निकाय र आयोजनाका लागि विनियोजन बजेट तथा खर्चको स्थिति, राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त आयोजनाको प्रगति, सम्पादित मुख्य कार्य, गुनासो व्यवस्थापन, बेरुजू स्थिति फछ्र्योटको विवरण, प्रमुख समस्या र समाधानका सम्भावित उपायका विषयमा गहन छलफल भयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले रक्षा मन्त्रालय र मातहतका निकायबाट सम्पादित कार्य र लक्ष्यप्राप्तिमा देखिएको सफलताले आगामी दिनमा पनि निरन्तरता प्राप्त गर्ने विश्वास व्यक्त गरे । मन्त्रालयले गत आवमा वित्तीयतर्फ ९७ दशमलव ५९ र भौतिकतर्फ ९७ दशमलव ९१ प्रतिशत लक्ष्य प्राप्त गरेको थियो ।

प्रधानसेनापति प्रभुराम शर्माले विपद्को बेला एउटै अस्पतालमा एकैपटक धेरैलाई उपचार गर्न सकियोस् भन्ने उद्देश्यका साथ अघि बढाइएको अस्पतालका लागि सरकारबाट वर्ष रु १२ करोड बजेट प्राप्त भएको तथा सेनाले त्यसमा एक अर्ब खर्च गर्ने योजना रहेको स्पष्ट गरे ।

उनले भने, "द्रुतमार्गमा बजेट छ, तर त्यहाँ नियम, कानून, ऐन, वन, जमीन र गर्नुपर्ने काम लामो छ, एकैपटक सक्छु भनेर हुन्न। ती सबै विषय पूरा गर्दा लामो समय लाग्ने भएकाले दिएको बजेट पनि फिर्ता गर्नुपरेको हो। पूर्वाधारका लागि तयारीमा हामी ढिला भएर हो । आयोजना पूरा गर्ने स्थितिमा फरक परेको छैन ।"

रक्षा मन्त्रालयका सचिव किरणराज शर्मा र सहसचिव बाबुराम अधिकारीले मन्त्रालय र मातहतका निकायमार्फत सञ्चालित आयोजना, प्राप्त उपलब्धि र कार्यान्वयनमा देखिएका चुनौतीसम्बन्धी विस्तृत विवरण प्रस्तुत गरे । मन्त्रालय मातहत द्रुतमार्ग, बङ्करदेखि ब्यारेकसम्म कार्यक्रम, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, राष्ट्रिय सेवा दल तालीम, उत्तर दक्षिण कोरिडोर, राष्ट्रपति चुरेलगायतका कार्यक्रम सञ्चालनमा छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

मधेस विश्वविद्यालयले कानून र जनप्रशासन सङ्कायमा पनि भर्ना लिने

वीरगंज, २४ असार/रासस

मधेस विश्वविद्यालयले यही भदौ महीनादेखि कानून र जनप्रशासन सङ्कायमा पनि भर्ना लिने तयारी गरेको छ। भदौ महीनामा भर्ना प्रक्रिया शुरू गरेर असोजदेखि बिए, एलएलबी र जनप्रशासन सङ्कायको कक्षा सञ्चालन गर्ने निर्णय भएको विश्वविद्यालयका रजिस्ट्रार विजयकुमार यादवले जानकारी दिए।

त्यसका लागि प्रारम्भिक कार्य पूरा गरी गठित पाठ्यक्रम विकास समिति र काठमाडौं विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित गरिसकिएको छ। "विश्वविद्यालयको विषयगत समितिले तयार पारेको विद्यार्थी भर्ना प्रक्रिया र मापदण्ड पारित गरी प्राज्ञ परिषद्बाट समेत पास भइसकेको छ," रजिस्ट्रार यादवले भने, "अब केही दिनमैं नेपाल कानून व्यवसायी परिषद्बाट पनि पास गरेर औपचारिकरूपमा हामी भर्नाको प्रक्रिया शुरू गर्छौं।" भर्ना खोल्न करीबकरीब तयारी पूरा भइसकेको उनको भनाइ थियो।

भर्नासँगै आगामी असोजदेखि दुवै सङ्कायको पठनपाठन शुरू गरिने रजिस्ट्रार यादवले जानकारी दिए। विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौं विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन शुरू गर्ने तयारी गरिएको छ। त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ। विसं २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले वीरगंजस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ।

पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनीयरिङलगायत प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा हबको रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको यस विश्वविद्यालयले जग्गाप्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको छ। सो कार्यका लागि पर्साको बहुदरमाई नगरपालिका–२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त भएको छ भने पर्साको पकाहामैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ (राधाकृष्ण मन्दिर)को २७ बिघा जग्गा पनि प्राप्त भएको छ। बहुदरमाई नगरपालिका–२ मा प्राप्त भएको जग्गालाई सीमाङ्कन गरी पिलर जडान गरिएको छ भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिश भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ।

उक्त विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षा, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ पनि पारित गरिसकेको छ।

आफ्नै केन्द्रीय क्याम्पस खोल्ने दीर्घकालीन सोच बनाएको विश्वविद्यालयको डिपिआर तयार भएपछि भौतिक संरचना निर्माणका लागि विभिन्न दूतावास, राष्ट्रिय योजना आयोग, मन्त्रालय तथा दाताबाट चन्दा सङ्कलन गरी भवन निर्माण गर्ने लक्ष्य लिइएको रजिस्ट्रार यादवले बताए।

आवश्यकता र औचित्यको आधारमा आवश्यक जनशक्ति भर्ना गर्न सकिने अधिकार पाएको उक्त विश्वविद्यालयमा हाल उपकुलपति र रजिस्ट्रारबाहेक तीनजना प्रशासनमा र चारजना कार्यालय सहयोगीमा कार्यरत छन्।

अझै केही दिन वर्षा हुने

काठमाडौं, २४ साउन/रासस

मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपालनजीक) अवस्थित रहेकाले अझै दुई दिन वर्षाको सम्भावना रहेको छ। नेपालमा मनसुनी वायुको असरका साथै बङ्गलादेशको उत्तरी भाग तथा आसपासमा रहेको न्यूनचापीय प्रणालीका कारण पनि बदली र वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको हो। महाशाखाका मौसमविद् बिनु महर्जनका अनुसार मनसुनको न्यूनचापीय रेखा नेपालको उत्तरतिर अवस्थित रहेकाले मनसुन सक्रिय भएको छ।

"मनसुन थप सक्रिय भएको छ। वर्षा केही दिन हुने देखिन्छ तर लगातारको वर्षा भने हुने देखिंदैन," मौसमविद् महर्जनले भनिन्। काठमाडौं उपत्यकामा आज हल्का वर्षा भएको छ। मङ्गलवार बिहान काठमाडौंमा भारी वर्षा भएको थियो। महाशाखाका अनुसार पछिल्लो २४ घण्टामा ६४ मिलिमिटर वर्षा मापन गरिएको छ। मौसममा सुधार आउन अझै केही दिन लाग्ने महाशाखाले जनाएको छ।

दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही कोशी, बाग्मती र गण्डकी प्रदेशका केही र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ। बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित भारी वर्षा भएको छ।

रातिको समयमा पनि कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान र बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन, चटयाङसहित भारी वर्षाको सम्भावना छ।

चाँडै नागरिकतासम्बन्धी नियमावली मन्त्रिपरिषद्मा पेश गर्दैछौं -उपप्रम श्रेष्ठ

पाटन, २४ साउन/रासस

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नागरिकतासम्बन्धी नियमावली तत्कालै ल्याउने बताएका छन्।

मिडिया एड्भोकेसी ग्रुप तथा महिला कानून र विकास मञ्चले संयुक्तरूपमा बुधवार ललितपुरमा आयोजना गरेको नागरिकता ऐनको कार्यान्वयनसम्बन्धी छलफलमा उनले नियमावली आएपछि नागरिकता पाउनुपर्ने व्यक्तिलाई महीनौंसम्म कुराएर राख्ने अवस्थाको अन्त्य हुने बताएका हुन्।

"हामी तत्कालै नागरिकतासम्बन्धी नियमावली मन्त्रिपरिषद्मा पेश गर्दैछौं, यसका लागि कानून मन्त्रालयको राय लिन बाँकी छ, नियमावली आएपछि नागरिकता पाउनुपर्ने व्यक्तिलाई महीनौंसम्म कुराएर राख्नुपर्दैन," मन्त्री श्रेष्ठले भने, "अहिले अङ्गीकृत नागरिकता वितरणमा केही सरलीकृत मात्रै गरिएको छ, पहिला निस्सा चाहिनेमा अहिले स्वघोषणा गरे मात्रै पुग्ने व्यवस्था गरिएको हो, नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेमा तिनका सन्तानले वंशजका आधारमा नागरिक पाउने व्यवस्था संविधानमा छैन, संविधानमा नभएको कुरा नियमावलीबाट अपेक्षा गर्न सकिंदैन।"

उनले नेपाली आमाका सन्तानले सहजरूपमा नागरिकता पाउने व्यवस्था अहिलेको संविधान र ऐनले गरेको बताए। गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले नागरिकताले राज्यको दायित्व र नागरिकको अधिकार सिर्जना गर्ने जनाउँदै यसमा बायोमेट्रिकको व्यवस्था राख्ने हो भने सबै समस्या समाधान हुने धारणा राखे।

"नागरिकताले राज्यको दायित्व र नागरिकको अधिकार सिर्जना गर्छ, नागरिकता लिने क्रममा बायोमेट्रिक राख्ने हो भने सबै समस्या समाधान गर्छ, हामी यो प्रक्रियालाई सुधार गरेर लैजानेछौं," प्रवक्ता भट्टराईले भने। उनले सङ्घसंस्थाहरूले सडक बालबालिकाको जिम्मा लिंदा वैधानिक कागजात बनाएर राख्दा धेरै सहज हुने बताए।

गृह मन्त्रालयका उपसचिव कृष्णबहादुर कटुवालले स्थानीय तहले विदेशी वा नेपाली जो भएपनि जन्म, मृत्यु र बसाइँसराइका आधारमा घटना दर्ता गरिदिनुपर्ने बताए। उनले नागरिकता लिने क्रममा तीन पुस्ते पहिचान नखुलेकाहरूका लागि मन्त्रालयले बैंक तथा लोकसेवा आयोगलाई परिपत्र गर्नुपर्ने अवस्था रहेको बताए।

सहभागीहरूका जिज्ञासाको जवाफ दिंदै उपसचिव कटुवालले नागरिकता वितरणका सिलसिलामा कागजातपत्र हुँदाहुँदै पनि केही प्रश्न गर्नुपर्ने बाध्यता रहेको बताए।

महिला कानून र विकास मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठले नागरिकता ऐनमा भएको व्यवस्था तथा यसको कार्यान्वयनका विषयमा प्रस्तुतीकरण गर्दै वंशज नेपाली आमाबाट जन्मेका छोराछोरी, कतिपय एकल महिलाहरूलाई नागरिकता पाउन अझै पनि समस्या रहेको, नागरिकता वितरण निर्देशिका र नागरिकतासम्बन्धी नियमावलीमा अझै पनि पितृसत्तात्मक सोच हट्न नसकेको बताए।

उनले नागरिकता वितरणमा कागजात पुग्दा वा नपुग्दा अनिश्चित समयसम्म अड्काएर राख्ने प्रचलन अन्त्य हुनुपर्ने धारणा राखे। विसं २०५६ मा सडकमा पुगेका त्यस बेलाका सडक बालक कुमार जोशीले २०५७ सालदेखि सङ्घसंस्थाको सहयोगमा बाँचेका र २०६९ सालमा नागरिकताका लागि पहल गर्दा नपाएर अदालत गएका र नागरिकताका लागि पहल गरेको ११ वर्षपछि सर्वोच्च अदालतबाट २०८० सालमा नागरिकता दिन आदेश भएको बताए।

उनले समयमा ऐन र नियम नबन्दा आफू ३५ वर्षको उमेरसम्म नागरिकताबाट वञ्चित भएको र अब सरकारी सेवा प्रवेश गर्ने अवसरबाट वञ्चित भएको गुनासो गृहमन्त्रीसामु गरे।

कार्यक्रममा सहभागीले नागरिकता पाए पनि तीन पुस्ते नहुँदा बैंक खाता खोल्न, लोकसेवामा फाराम भर्न समस्या भएको, लैङ्गिक तथा अल्पसङ्ख्यकहरूका लागि पनि सहज र सम्मानजनक व्यवस्था हुनुपर्ने धारणा राखे।

वर्तमान संविधान आएको सात वर्षपछि नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न सङ्घीय संसद्बाट बनेको २०८० जेठ १७ गते राष्ट्रपतिद्वारा प्रमाणीकरण भएपछि नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगाना पत्ता नलागेकाहरूले पनि नागरिकता पाउने व्यवस्था कायम भएको छ। उनीहरूले १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपाली नागरिकता पाउने कानूनी व्यवस्था छ।

नेप्से परिसूचकमा ४१ दशमलव ०६ अङ्कको वृद्धि

काठमाडौं, २४ साउन/रासस

यो साता कारोबारको लगातार तीन दिनसम्म ओरालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधवार चौथो दिन भने उच्च अङ्कको वृद्धि देखिएको छ। आज नेप्से परिसूचक ४१ दशमलव ०६ अङ्कले बढेर दुई हजार ६० दशमलव ९१ बिन्दुमा कायम भएको हो।

आज २६५ कम्पनीका ५० लाख १० हजार ७१८ कित्ता शेयर ७७ हजार ५०१ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ८८ करोड ८३ लाख २६ हजार ४६९ बराबरको कारोबार भएको छ।

म्युचुअल फन्ड शून्य दशमलव ०६ अङ्कले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेका छन्। सबैभन्दा धेरै जीवन बीमा समूह ३४६ दशमलव ७४ र निर्जीवन बीमा समूह ३१० दशमलव ५२ अङ्कले बढेका छन्।

आज बैंकिङ समूह १२ दशमलव १९, विकास बैंक ९४ दशमलव ८५, वित्त ५८ दशमलव ६४, होटल तथा पर्यटन १८८ दशमलव ५०, जलविद्युत् ६२ दशमलव ४१ र लगानी समूह एक दशमलव २२ अङ्कले बढेका छन्। त्यसैगरी, उत्पादन तथा प्रशोधन समूह ८५ दशमलव ८७, लघुवित्त ५२ दशमलव २३, व्यापार एक सय दशमलव ७६ र अन्य समूह ४४ दशमलव २७ अङ्कले बढेका छन्।

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ८३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सेन्चुरी डिभेन्चर–२०८८ को शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु १५ करोड ५० लाख २६ हजार २०२ बराबरको दुई लाख ६६ हजार ८१८ कित्ता शेयर किनबेच भएका छन्।

'आँखा पाक्ने रोग लागे आत्तिनुपर्दैन'

काठमाडौं, २४ साउन/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आँखा पाक्ने रोग (भाइरल कन्जक्टिभाइटिस) लागे आत्तिनु नपर्ने जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले अहिले मुलुकभरका विभिन्न ठाउँमा आँखा पाक्ने रोग देखिएकाले नआत्तिई घरमा बसेर उपचार गर्न आग्रह गरे। उनले घरमा आँखाको स्याहार गरे सङ्क्रमण एकदेखि दुई हप्ताभित्रमा निको हुने बताए।

हाल नेपालका विभिन्न जिल्लामा आँखा पाक्ने रोग देखिएकाले देशभरिका आँखा अस्पतालहरूमा बिरामीको चाप बढ्दै गएको मन्त्रालयले जनाएको छ। "यो रोग सङ्क्रामक भएकाले सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ," डा अधिकारीले भने। सङ्क्रमित व्यक्तिसँग नजीकको सम्पर्कमा नजाने, विद्यालय, बजार र सङ्क्रमित व्यक्ति भीडभाड हुने ठाउँ/सार्वजनिक स्थानमा नजाने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका रूमाल, टावेल, सिरानी, तन्ना प्रयोग गर्न नहुने उनले बताए।

डा अधिकारीका अनुसार जथाभावी आँखा नछुने, छुनुपरेमा साबुनपानीले राम्ररी हात धुने, आँखालाई चीसोले सेक्ने र सेक्दा आँखा बन्द गरेर मात्रै सेक्ने, आँखा नमिच्ने, प्रशस्त मात्रामा पानी तथा पोषिलो खाना खाने, बाहिर घाममा निस्कँदा कालो चश्माको प्रयोग गर्ने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान राम्ररी धोएर मात्रै प्रयोग गर्नुपर्दछ।

लक्षणहरू

आँखा पाक्ने रोगका प्रमुख लक्षणहरूमा आँखा रातो हुने र चिलाउने, आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने, आँखाको ढकनी रातो हुने, सुन्निने, आँखा बिझाउने/दुख्ने र घाम वा उज्यालोमा हेर्न गाऱ्हो हुनेलगायत हुन्।



ग्रामीण सडकको दुरवस्था : मुगुको छायाँनाथ रारा नगरपालिका वडा नं ९ मा पर्ने रारा ताल जाने ताल्च–सल्लेरी–रारा सडकखण्डमा फसेको जीप धकेल्दै यात्रु। उक्त सडक निर्माणका लागि बर्सेनि सडक विभागले करोडौं रकम खर्चिंदै आए पनि उपभोक्ता समिति र ठेकेदारले गुणस्तरीय काम नगर्दा हिउँदमा धूलो र बर्खामा हिलोको मार यात्रुले खेप्दै आएका छन्। तस्बिरः नृपेन्द्रबहादुर मल्ल/रासस

भिभिआइपीहरूको उपचार स्वदेशमैं गर्न पाउँदा उत्साहित भएका छौं –वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान कोइराला

नेपालमा आम जनमानसमा निकै परिचित र कहलिएका डाक्टरको नाम हो, भगवान कोइराला । उनले गरेको उपचारबाट नयाँ जीवन पाएकाहरू त उनलाई साक्षात भगवान् नै मान्दछन् । उनले नेपालमा मुटु रोगको उपचारलाई अत्यन्त विश्वसनीय र भरोसायोग्य बनाइदिएका कारण पनि आम नेपालीको उनीप्रति अत्यन्त विश्वास र श्रद्धा छ । उनमा विषयगत क्षमता मात्रै होइन, उच्च मानवीय भावना पनि छ । हालसम्म उनी आफैंले र आफ्नो प्रत्यक्ष निगरानीमा १४ हजारभन्दा बढी मुटुरोगीको शल्यक्रिया गरिसकेका छन् अर्थात् उनीहरूलाई नयाँ जीवन प्रदान गरेका छन् ।

केही समयअघि उनले हृदय नामक पुस्तक पनि बजारमा ल्याएका थिए, जुन पुस्तक सर्वाधिक बिक्री भएका पुस्तकहरूको सूचीमा पनि परेको छ । पुस्तकमा जीवनमा भोगेका सङ्घर्षका अनुभव, उनले देखेका स्वास्थ्य क्षेत्रका समस्या सुल्झाउने उपाय र चिकित्सा शिक्षाका विविध विषयलाई विश्लेषणात्मक धारणासहित समावेश गरेका छन् । नेपालको स्वास्थ्य क्षेत्रमा रहेका तमाम समस्या र सम्भावनाको जीवन्त चित्रण कोरिएको यो पुस्तक पढेपछि लगनशील, मिहिनेती र कुशल चिकित्सकको कथामात्र नभई उनको व्यवस्थापकीय गुणबारे अवगत हुन्छ । कुनै पनि काम शुरू गरिसकेपछि त्यसलाई जुनै हालतमा सम्पन्न गरिछाड्ने भगवानको शैली जहाँ जुनसुकै क्षेत्रका लागि पनि उदाहरण बन्न सक्दछ । प्रस्तुत छ, वरिष्ठ मुटुरोग विशेषज्ञ प्राध्यापक तथा सामाजिक अभियन्ता डा कोइरालासँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीको सम्पादित अंश :

नेपालमा मुटुरोगीको सङ्ख्या बढ्दो देखिन्छ। यसको मुख्य कारण के होला ?

–नेपालमा मुटुरोगीको सङ्ख्या वास्तवमैं वृद्धि भइरहेको छ। यसो हुनुको मुख्य कारण जीवनशैली, आहारविहार नै हो। पछिल्लो समय क्षयरोग, मलेरिया, झाडाबान्ताजस्ता सर्ने रोगको सङ्क्रमण घट्यो तर मुटु रोगजस्ता नसर्ने रोगको प्रकोप बढ्न थाल्यो । नेपालीको औसत आयु बढेसँगै नसर्ने रोगको चाप पनि बढेको देखिन्छ। खासगरी पछिल्लो समय युवा वर्गमा मुटुरोगको समस्या देखिनुको मुख्य कारण खानपिन र खराब जीवनशैली नै हो ।

मुटुरोग लाग्न नदिन के कुरामा ध्यान दिनुपर्ने हुन्छ ?

–मुटुरोगका कतिपय कारण जस्तैः उमेर, लिङ्ग, जेनिटिकजस्ता कुराहरू हाम्रो अधीनमा हुँदैन । तर धेरैजसो जोखिम न्यूनीकरण गर्ने हाम्रै हातमा हुन्छ। धूमपान तथा मद्यपान नगर्ने, जीवनशैलीमा परिवर्तन तथा नियमित व्यायाम एवं मोटोपन घटाएमा मुटुरोग लाग्नबाट बच्न सकिन्छ। वायु प्रदूषणले पनि मुटुरोगलगायत विभिन्न स्वास्थ्य समस्या ल्याउने गरेको छ। समयमैं गर्न सकिने उपचारप्रति बेवास्ता गर्ने वा हेलचेक्राइँ गर्ने बानीले पछि गएर गम्भीर समस्या ल्याउने गरेको छ । बालबालिकालाई घाँटीमा सामान्य समस्या हुँदा समयमैं उपचार नहुँदा पछि गएर उनीहरू मुटुका रोगी बन्नुपरेको छ । मानिसहरूमा आध्यात्मिक चिन्तन, योग, ध्यान गर्ने बानी बढाउन सके शरीरमा स्वतः सकारात्मक ऊर्जा उत्पन्न हुन्छ। यसले मुटुलगायत कुनै पनि जटिल समस्या आउन नदिन सहयोग पुग्छ ।

नेपालमा मुटु रोगको उपचार सेवाको पहुँच आम जनतासम्म कसरी पुर्‍याउन सकिएला ?

–स्वास्थ्य सेवा पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हुँदा सबैको पहुँचमा पुर्‍याउन आवश्यक छ। कतिपय स्वास्थ्य सेवालाई विकेन्द्रित गरी स्थानीय तहसम्म पुर्‍याउन जरूरी हुन्छ भने कतिपयलाई केन्द्र वा प्रमुख शहरी क्षेत्रसम्म पुर्‍याउँदा पनि हुन्छ। मुटु रोगको प्रारम्भिक पहिचान गर्न सकिने स्वास्थ्य सेवालाई विकेन्द्रित गरी जिल्ला अस्पतालदेखि स्थानीय तहका स्वास्थ्य केन्द्रहरूमा पुर्‍याउनुपर्छ। विशेषज्ञसहितको सेवालाई राजधानीलगायत प्रमुख शहरहरूमा पुर्‍याउनुपर्छ । अहिले काठमाडौंमा गङ्गालाल, मनमोहन कार्डियो थोरासिक सेन्टरमा मुटुरोगको सम्पूर्ण उपचार सेवा उपलब्ध छ । वीर अस्पतालमा असीको दशकमा शुरू भएकोमा बीचमा केही वर्ष बन्द भएको र अहिले पुनः सञ्चालनमा ल्याइएको छ भने उपत्यकाबाहिर चितवन, पोखरा, बुटबल, नेपालगंज, वीरगंज, धरान, विराटनगर र झापामा मुटुरोगको स्तरीय उपचार सेवा उपलब्ध छ ।

नेपालको मुटुरोगको उपचार सेवा विश्वका अन्य देशको तुलनामा कत्तिको स्तरीय छ ?

–नेपालमा मुटुरोगको उपचार सेवालाई हेर्दा विश्वका अन्य देशको तुलनामा कमजोर मान्न सकिंदैन। धनी देशको तुलनामा प्रविधिमा केही कमी छ तर नेपाली चिकित्सकहरू त्यहाँका भन्दा कम छैनन् । नेपालको आम जनतालाई चाहिने शल्यक्रियासहितको उपचार सेवा नेपालमा उपलब्ध छ। गङ्गालाल हृदयरोग केन्द्र देशकै महत्त्वपूर्ण अस्पतालमा रूपान्तरण भएको छ। त्यस्तै मनमोहन कार्डियो थोरासिक सेन्टर पनि उत्तिकै प्रभावकारी रहेको छ ।

तपाईंकै पहलमा 'काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ' (किओच) स्थापना गर्दै हुनुहुन्छ । यस्तो अस्पताल स्थापना गर्नुपर्ने के आवश्यकता देख्नुभयो ?

–बाल स्वास्थ्यलाई समग्ररूपमा हेरिनुपर्छ, मुटुको उपचारका रूपमा मात्रै होइन । स्वास्थ्य सेवामा लागेको लामो अनुभवबाट यो निष्कर्षमा पुगिएको छ। समयमा सम्पूर्ण उपचार नपाएको कारण धेरै बच्चाहरूले जुन पीडा भोगे, त्यसकै कारण अस्पतालको आवश्यकता महसूस भयो । त्यही अभाव पूरा गर्न पैसाको कमी वा प्रविधिको कमी वा पहुँचको कमीबाट कुनै पनि बालबालिकाले ज्यान गुमाउनु नपरोस् भन्ने हेतुले बाल अस्पताल निर्माण गर्ने योजना बनाएँ। कान्तिजस्तो बालबालिकाको डेडिकेटेड अस्पतालले यो सेवा विकेन्द्रीकृत गर्नुपर्ने थियो तर विविध कारणले कार्यान्वयन गर्न सकेको छैन। त्यसैले सरकारको सहयोगमा सात प्रदेशमा सात स्याटेलाइट सेन्टरसहित काठमाडौंमा एक विशिष्टीकृत बाल अस्पताल (काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ' (किओच)) नामक बाल अस्पताल निर्माण गरिंदैछ । पैसा तिर्न नसक्नेले निश्शुल्क उपचार सेवा पाउँछन्। त्यसको पहिलो प्रदेश शाखाका रूपमा झापाको दमकमा अस्पताल सञ्चालनमा आइसकेको छ ।

बाल अस्पताल नै खोल्नुपर्ने इच्छा कसरी जागृत भयो ?

–नेपालमा जन्मिने प्रत्येक सयजना बालबालिकामध्ये तीन–चारजनाले आफ्नो पाँचौं जन्मदिन देख्न पाउँदैनन् । आधारभूत स्वास्थ्य सेवा र बेलैमा विशिष्टीकृत उपचार नपाएर ती बालबालिकाहरूले ज्यान गुमाएका छन्। मलाई नेपालमा बालबालिकाको उपचारका निम्ति विशिष्टीकृत अस्पतालको अभाव खडकिंदै आएको थियो। त्यही अभाव पूरा गर्न र पैसा अनि पहुँच नभएका वा भएर पनि नेपालमा उपचार सम्भव नभएका कारण कुनै पनि बालबालिकाले अकालमैं ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले नै बाल अस्पताल स्थापना गर्ने इच्छा जागृत भएको हो ।

सरकारले हालै उच्च ओहोदाका व्यक्तित्वहरूको उपचार स्वदेशमैं गर्नका लागि तपाईंसमेत रहेको एक समिति गठन गरेको छ। यसलाई तपाईंले कसरी लिनुभएको छ ?

–सरकारले नेपालको स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधार हुनाका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भइरहेको अवस्थामा राज्यको महत्त्वपूर्ण निकायमा कार्यरत अति विशिष्ट व्यक्ति (भिभिआइपी) र विशिष्ट व्यक्ति (भिआइपी) को स्वास्थ्य उपचारमा बर्सेनि ठूलो रकम विदेश गइरहेको र देशभित्रको स्वास्थ्य उपचार सेवाको विश्वास नगरे जस्तोसमेत देखिएकोले स्वास्थ्य उपचार समिति गठन गरेको छ । यसले एउटा सकारात्मक सन्देश जनतामा गएको छ। तर यस किसिमको स्वास्थ्य सेवा भिआइपीलाईलाई मात्र दिने भन्ने नभई सबै जनताले स्वदेशमैं पाउँछ भन्ने सन्देश आवश्यक छ। एउटै (वीर) अस्पतालबाट सेवा दिन कत्तिको सम्भव होला ? भिआइपीहरूको चाहना र व्यावहारिकता पनि हेर्नुपर्ने हुन सक्छ । जेहोस् विशेष चिकित्सकको समूह निर्माण गर्नेलगायत विशिष्टीकृत चिकित्सकीय विधि तथा प्रक्रियाबमोजिम उपचार–व्यवस्थापन कार्यविधि तयार गरी सबै मुख्य अस्पतालहरूबाट उपचार व्यवस्थापन गर्न सकिन्छ । विशिष्टीकृत व्यक्तिको स्वदेशमा उपचार गर्दा सरकारी ढुकुटी पनि जोगिने र चिकित्सकमाथि विश्वास पनि हुने भएकोले हामी चिकित्सकहरू खुशी नै भएका छौं ।

केही समयअघि यहाँको हृदय नामक पुस्तक पनि प्रकाशित भएको छ। पुस्तक लेख्ने उत्प्रेरणा कसरी मिल्यो ?

–मैले अध्ययनपछि विभिन्न स्वास्थ्य संस्थाहरूमा रहेर काम गर्ने अवसर पाएँ। जोखिम र जटिल किसिमको स्वास्थ्य सेवा स्थापित गर्न कस्तो किसिमको हण्डर खानुपर्छ भन्ने कुरा पुस्तकमा उल्लेख गरेको छु । आफूले जीवनमा भोगेका सङ्घर्षका अनुभवदेखि स्वास्थ्य क्षेत्रका समस्या सुल्झाउने उपाय र चिकित्सा शिक्षाका विविध विषयमा समेत विश्लेषणात्मक धारणा राखेको छु । तीस वर्षे जागिरे जीवनका अनगिन्ती यादहरू समेटिएको पुस्तकमा अनेक तनाव, छटपटी र खुशीका क्षणहरू पनि पाउनुहुनेछ। जोसुकैले पनि प्रतिबद्ध भएर लाग्यो भने जस्तोसुकै समस्याको पनि समाधान गरी सफलता पाउन सक्छ भन्ने सन्देश दिन खोजिएको छ ।

बाढीले सडक भत्काउँदै : महोत्तरी जिल्लाको रातो नदीमा आएको बाढीले बलवा नगरपालिका–१ स्थित नहरको फाँटनजीकै सडक भत्काउँदै । तस्बिर : सञ्जीतकुमार मण्डल/रासस

फरक समाचार

वृद्धवृद्धाले मनसुनमा के खाने र के नखाने ?

उमेर बढ्दै जाँदा मानिसको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदै जान्छ, जसका कारण रोग लाग्ने सम्भावना बढ्छ। रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाले वृद्धवृद्धाहरूमा भाइरल इन्फेक्सन, फ्लू, सामान्य रुघाखोकी, सुक्खा खोकी, श्वासप्रश्वाससम्बन्धी रोग र जोर्नी दुख्ने जस्ता मनसुनी रोगहरू बढी लाग्ने गर्छन् ।

यो मौसममा शरीरको उचित हेरचाह गरिएन भने रोग लाग्न बेर लाग्दैन। वर्षा र आर्द्रताका कारण लामखुट्टे र ब्याक्टेरियाको प्रकोप धेरै हुन्छ। यस्तो अवस्थामा वृद्धवृद्धाले लामखुट्टेबाट टाढै रहनुका साथै स्वस्थ बानीको पालना गर्नुपर्छ। स्वस्थ आहार सेवन गरेर रोग प्रतिरोधात्मक क्षमता बढाउन सकिन्छ र पाचन प्रणालीलाई पनि स्वस्थ राख्न सकिन्छ। आउनुहोस्, वृद्धवृद्धाले मनसुनमा के खाने र कस्ता चीजबाट जोगिनुपर्छ । मनसुनमा ज्येष्ठ नागरिकले के खाने ? वृद्धवृद्धाहरूले मनसुनमा स्वस्थ र सजिलै पच्ने खालका खानेकुरा खानुपर्छ। यो मौसममा खाना पचाउन समय लाग्छ। यस्तो अवस्थामा पचाउन नसक्ने खानेकुरालाई आफ्नो आहारको हिस्सा बनाउनुपर्छ। कम फ्याट भएका, प्रोटिन भएका, फलफूल, दाल र तरकारीलाई आहारमा समावेश गर्न सकिन्छ।

साथै दैनिक आहारमा दुग्धजन्य पदार्थसँगै माछालाई पनि आहारमा समावेश गर्नुपर्छ । हड्डीलाई मजबूत बनाउनुका साथै दुग्धजन्य पदार्थले शरीरको थकान पनि हटाउँछ । यो सिजनमा ज्येष्ठ नागरिकले दूधमा बेसार मिसाएर पिउन सक्छन् । माछा खाँदा मधुमेह नियन्त्रणमा रहनुका साथै मुटु पनि स्वस्थ रहन्छ । स्वस्थ आहारका साथसाथै वृद्धवृद्धाले वर्षामा १.७ देखि २ लिटर पानी पिउनुपर्छ। सही मात्रामा पानी पिउँदा शरीरलाई हाइड्रेटेड राख्नुका साथै विषाक्त पदार्थ पनि बाहिर निस्कन्छ। पानीले शरीरलाई स्वस्थ राख्न मदत गर्छ ।

मनसुनमा पानी पर्दा शरीरमा घाम लाग्दैन । जसका कारण वृद्धवृद्धाको शरीरमा रोग लाग्न सक्छ । यस्तो अवस्थामा चिकित्सकको सल्लाह अनुसार भिटामिन डी ट्याब्लेट खान सकिन्छ ।

वृद्धवृद्धाले मनसुनमा के नखाने ?

वृद्धवृद्धाहरूले यो मौसममा केराको सेवन गर्नुहुँदैन किनभने यसमा क्यालोरी धेरै हुन्छ। यस कारण यसको सेवनले वृद्धवृद्धालाई पाचनसम्बन्धी समस्या हुनुका साथै शरीरमा कमजोरी पनि आउन सक्छ ।

वृद्धवृद्धाले पनि यो मौसममा मदिरासेवन गर्नुहुँदैन । यो शरीरको लागि हानिकारक हुनुका साथै यसले बिरामी पनि बनाउन सक्छ ।

क्याफिनले निद्रामा बाधा पुर्‍याउने भएकोले वृद्धवृद्धाहरूले पनि मनसुनमा क्याफिनको सेवन पनि गर्नुहुँदैन । मनसुनमा स्वस्थ रहन सातदेखि आठ घण्टा सुत्नुपर्छ। दूषित खानेकुरा र नउमालेको पानी पिउनबाट बच्नुपर्छ। साथै, वर्षामा सडकछेउका खानेकुरा खानबाट जोगिनुपर्छ ।

वृद्धवृद्धालाई मनसुनमा स्वस्थ रहन सरसफाइमा पनि विशेष ध्यान दिनुपर्छ। यदि तपाईंलाई कुनै रोग वा एलर्जीको समस्या छ भने, चिकित्सकलाई सोधेपछि मात्र आफ्नो आहारको योजना बनाउनुपर्छ ।

३४० टनको ह्वेलको अनुसन्धान

वैज्ञानिकहरूले करीब चार करोड वर्ष पहिले पृथ्वीको सबैभन्दा भारी ह्वेल फेला पारेका छन् । यसको आधा अधूरो कङ्काल पेरूमा फेला परेको छ, जसको अध्ययनपछि वैज्ञानिकहरूले पृथ्वीमा बाँचेका अहिलेसम्मकै सबैभन्दा भारी प्राणी भएको अनुमान गरेका छन् ।

यो खोज हुनुअघि नीलो ह्वेललाई पृथ्वीको सबैभन्दा ठूलो प्राणी मानिन्थ्यो। जसको अर्थ डायनासोरभन्दा ठूलो हो । तर पेरूको खोजले इतिहासमा नयाँ नाम थपेको छ ।



वैज्ञानिकहरूले यसलाई पेरूसेटस कोलोसस नाम दिएका छन्। यो एक विशाल पेरुभियन ह्वेल हो, जुन पृथ्वीको सबैभन्दा भारी जनावरको रूपमा मान्यताप्राप्त छ । एनडिटिभीका अनुसार यो अध्ययन नेचर जर्नलमा प्रकाशित भएको छ । अन्वेषकहरूको अन्तर्राष्ट्रिय टोलीले पेरूको मरुभूमिमा विशाल हड्डीहरू फेला पारेको थियो । यी हड्डीहरूलाई हेर्दा यी हड्डीहरू जुनसुकै जनावरका भएपनि तिनीहरूको तौल करीब सय टन भएको हुन सक्ने अनुमान गरिएको थियो । तर अर्कोतर्फ यो पनि सत्य हो कि गिनिज वर्ल्ड रेकर्डमा सबैभन्दा ठूलो नीलो ह्वेल १९० टन रहेको बताइएको छ। उही समयमा अनुसन्धानकर्ताहरूले पेरूमा भेटिएको ह्वेलको बारेमा भनेका छन् कि यसको वजन ८५ देखि ८४० टनसम्म हुन सक्छ। अर्थात् ह्वेल वास्तविकतामा कति भारी हुन्थ्यो भन्ने प्रस्ट भइसकेको छैन। यस सम्बन्धमा अध्ययन भइरहेको छ । मारियो अर्बिनाले पहिलो ह्वेल जीवाश्म पत्ता लगाएका थिए । पेरूको दक्षिणी छेउमा यसलाई फेला पार्न पेलोन्टोलोजिस्टहरूले दशकौं लगाए । यति ठूलो जीवको इतिहासमा कुनै रेकर्ड नभएको अर्बिना बताउँछिन्। यो अहिलेसम्मकै सबैभन्दा ठूलो जनावर हो । तर जब उनले यो कुरा थाहा पाइन्, कसैले पत्याएनन् ।

अनुसन्धानकर्ताहरूले यसको लम्बाइ लगभग २० मिटर अर्थात् ६५ फिट रहेको अनुमान गरेका छन् । घटनास्थलमा ठूला हड्डीहरू भेटिएका छन्, जसको तौल २०० किलो रहेको बताइएको छ। यीमध्ये चार हड्डी रिब्सका र एउटा हिपको हड्डी हो। यसमा धेरै वर्ष लाग्यो र यी ठूला जीवाश्महरू सङ्कलन गर्न धेरै यात्रा तय गर्नुपरेको थियो। त्यसपछि पेरू र युरोपका अन्वेषकहरूलाई आफूले पत्ता लगाएको कुरा बुझ्न धेरै वर्ष लाग्यो । –प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

अन्तर्राष्ट्रिय समाचार

अस्ट्रेलियाको 'ग्रेट ब्यारियर रीफ' एल निनोको जोखिममा

सिडनी, २४ साउन/एएफपी

अस्ट्रेलियाको ग्रेट ब्यारियर रीफले समुद्रको तापक्रम मापन गर्दा यस वर्षको अन्त्यतिर 'कोरल ब्लिचिङ' को अर्को घटना हुन सक्ने अस्ट्रेलियाको सर्वोच्च सामुद्रिक विज्ञान निकायले बुधवार जनाएको छ।

'कोरल ब्लीचिङ'का कारण तापक्रम, प्रकाश, वा पोषक तत्त्वहरूमा हुने परिवर्तनको कारण 'कोरल रीफ' सेतो हुन्छ।

सन् २०२२ मा 'ब्लीचिङ' घटनाले जीवन्त कोरलको स्वास्थ्य बिरामी र फिक्का सेतो नभएसम्म चट्टानको खण्डले रिकभरीको आशाजनक सङ्केत देखाइरहेका थिए।

'अस्ट्रेलियन इन्स्टिच्युट अफ मरिन साइन्स'का अनुसार सन् २०२३ को गर्मी याममा चट्टानको अवस्था 'अपेक्षाकृत हल्का' स्थिर भएपनि यो अनिश्चित अवस्थामा रहेको छ।

इन्स्टिच्युटका अनुसन्धान निर्देशक डेभिड वाचेनफेल्डका अनुसार जलवायु परिवर्तनका कारण लगातार र गम्भीर 'ब्लिचिङ' हुने घटनाले गर्दा चट्टानमा परिवर्तनको जोखिम बढेको छ।

अस्ट्रेलियाको मौसम विभागले आगामी हप्ताहरूमा एल नीनो मौसमी ढाँचा विकसित हुने सम्भावना रहेको बताएको छ, जसले प्रशान्त महासागरमा तातो समुद्रको तापक्रम ल्याउने छ र 'कोरल ब्लिचिङ'मा नयाँ जोखिम थपिने छ।

विश्वव्यापीरूपमा समुद्रको औसत तापक्रम अप्रिलदेखि नियमितरूपमा मौसमी गर्मीको रेकर्डमा उच्च स्थानमा रहेको छ।

संयुक्त राष्ट्रसङ्घका विज्ञहरूको एक टोलीले यस वर्षको शुरूमा अस्ट्रेलियालाई 'खतरामा परेका' मानिएका सम्पदा स्थलहरूको सूचीबाट हटाएपछि अस्ट्रेलियालाई केही समयका लागि राहत दिइएको थियो।

चट्टान अस्ट्रेलियाको प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक हो र यसलाई खतराको सूचीमा राख्दा अन्तर्राष्ट्रिय आगन्तुकहरूमा यसको आकर्षणमा धेरै हदसम्म प्रभाव पार्न सक्छ।

विश्व सम्पदा निकाय युनेस्कोले सन् २०२१ मा एउटा खतरनाक प्रतिवेदन दिएपछि चट्टानको सूचीकरण गर्ने विचार गरेको थियो तर अस्ट्रेलियाको अघिल्लो अनुदारवादी सरकारको तीव्र लबिङका कारण यो रोकिएको थियो।

यसको सट्टा युनेस्कोले प्रदूषण, माछा मार्ने, जलवायु परिवर्तन र कोरल ब्लिचिङको प्रभावको आकलन गर्न अस्ट्रेलियाभित्र एउटा निगरानी अभियान स्थापना गरेको छ। रासस

श्रीलङ्कामा आठ लाखभन्दा बढी पर्यटक भित्रिए

कोलम्बो, श्रीलङ्का, २४ साउन/सिन्ह्वा

श्रीलङ्कामा यस वर्ष अगस्त ८ सम्म आठ लाखभन्दा बढी विदेशी पर्यटक भित्रिएको श्रीलङ्का विकास प्राधिकरण (एसएलटिडिए) ले बुधवार जानकारी दिएको छ।

अगस्तको पहिलो छ दिनमा श्रीलङ्कामा ३०,३०३ पर्यटक भित्रिएका र भारत, संयुक्त अधिराज्य र चीन अगस्तको आगमनको लागि शीर्ष स्रोत बजार भएको एसएलटिडिएका अध्यक्ष प्रियन्था फर्नान्डोले बताए।

श्रीलङ्कामा कोभिड-१९ को महामारी र आर्थिक तथा राजनीतिक सङ्कटका कारण विदेशी मुद्रा आर्जन गर्ने प्रमुख मुलुकमध्येको एउटा पर्यटन क्षेत्र, धराशायी भएको छ।

सन् २०२२ मा दक्षिण एशियाली राष्ट्रमा सात लाख २० हजारभन्दा कम पर्यटक आएका थिए।

यद्यपि आधिकारिक तथ्याङ्क अनुसार सन् २०२३ मा यो उद्योगमा सुधार आएको छ। सन् २०२३ को जून महीनामा सबैभन्दा बढी एक लाख ४३ हजार ३९ पर्यटक भित्रिएका छन्। रासस

चिनियाँ उपभोक्ता मूल्यमा गिरावट

बेइजिङ, २४ साउन/एएफपी

चीनको उपभोक्ता मूल्यमा दुई वर्षभन्दा बढी समयपछि पहिलोपटक गत महीना सङ्कुचन आएको सरकारी तथ्याङ्कले बुधवार देखाएको छ।

मुद्रास्फीतिको मुख्य मापन गर्ने उपभोक्ता मूल्य सूचकाङ्क जुलाईमा ०.३ ले घटेको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.४ प्रतिशतले गिरावट आउने अनुमान गरेका थिए।

चिनियाँ उत्पादनको विश्वव्यापी माग घट्दै जाँदा गत महीना चीनको निर्यात तीन वर्षयताकै सबैभन्दा तीव्र गतिमा घटेको समाचार सार्वजनिक भएको एक दिनपछि यो आँकडा सार्वजनिक भएको हो। कमजोर आन्तरिक मागका कारण आयात पनि लगातार नवौं महीना घटेको छ।

वस्तुको मूल्यमा आएको गिरावट क्रयशक्तिका लागि फाइदाजनक देखिए तापनि अपस्फीतिले अर्थतन्त्रका लागि व्यापक खतरा उत्पन्न गर्छ किनभने उपभोक्ताहरू थप कटौतीको आशामा खरीद स्थगित गर्छन्।

मागको कमीले कम्पनीहरूलाई उत्पादन घटाउन, रोजगार कम गर्न वा रोक्न र कामदारहरूलाई हटाउन बाध्य पार्छ, साथै उनीहरूको भण्डार बेच्न नयाँ छुट दिन तयार हुन्छ। लागत समान हुँदाहुँदै पनि लाभप्रदतामा तौल गर्दछ।

चीनले सन् २०२० को अन्त्य र सन् २०२१ को शुरूमा छोटो अवधिको अपस्फीतिको अनुभव गरेको थियो, जसको मुख्य कारण सुङ्गुरको मासुको मूल्यमा गिरावट आएको थियो। चीनमा सबैभन्दा बढी खपत हुने मासु सुङ्गुरको हो। रासस

रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

वैदेशिक रोजगार विभागको सर्भर डाउन

प्रस, काठमाडौं, २४ साउन/

वैदेशिक रोजगार विभागको सर्भर एक सातादेखि डाउन हुँदा हजारौंको सङ्ख्यामा आवेदनहरू अलपत्र परेका छन्। वैदेशिक रोजगारमा जाने सर्वसाधारणको नियामक निकाय वैदेशिक रोजगार विभागले केही समयदेखि सम्पूर्ण कार्य अनलाइनबाट गर्दै आएको छ।

विगतमा जस्तो लाइनमा बसेर पूर्व अन्तिम श्रम स्वीकृति, इजाजतप्राप्त संस्थाहरूको नवीकरणदेखि मुद्दा फरफारकलगायतका कार्यहरू अनलाइनबाट हुने गरेका छन्। यो डिजिटल प्रविधि सन् २०१७ देखि लागू भएको हो। दैनिक एक हजारदेखि दुई हजारको हाराहारीमा व्यक्तिगत र अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने गरेका छन्। सर्भर नचल्दा तत्काल वैदेशिक रोजगारमा जाने व्यक्तिगत र संस्थागत गरी करीब पाँच हजार आवेदनहरू विभागको ताहाचलस्थित अन्तिम र व्यक्तिगत शाखामा पेन्डिङ छन्। यो चाप हटाउन करीब एक साता लाग्ने विभागकी निर्देशिका एवं सूचना अधिकारी शारदा भण्डारी बताउँछिन्। उनका अनुसार सर्भर नचल्दा व्यक्तिगत र संस्थागतरूपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने सर्वसाधारणको चाप अहिले ह्वातै बढेको छ। विभागको व्यक्तिगत र अन्तिम स्वीकृति टिकट हेरी पालो मिचेरै भएपनि स्वीकृति प्रदान गरिएको उनले बताइन्। अरू समयमा लट ओपन क्रमिकरूपमा गरिएको जानकारी दिंदै तत्कालको लागि टिकट काटेकाहरूलाई प्राथमिकतामा राखेर श्रम स्वीकृति दिइएको सूचना अधिकारी भण्डारीले बताइन्।

वैदेशिक रोजगार विभाग
DEPARTMENT OF FOREIGN EMPLOYMENT

गत साता बिहीवारदेखि सोमवारसम्म श्रम स्वीकृति लिएर रोजगारमा जानेहरूको लाइन थामी नसक्नु थियो। सोमवार बेलुका ५ बजेबाट सर्भरले काम गर्न थालेको विभागको सूचना प्रविधि शाखाका प्रतीक कडरियाले जानकारी दिए। म्यानपावर व्यवसायी र सर्वसाधारणहरूले भने विभागले पटकपटक सर्भर नचलेको भन्दै पन्छिने गरेको आरोप लगाउँदै आएका छन्।

वैदेशिक रोजगारमा रहेका करीब ४० लाखभन्दा बढी सर्वसाधारण नागरिकको डेटा रेकर्ड रहेको विभागमा २१ वटा सर्भर छन्। तर ती कुनै सर्भरमा पनि ब्याकअप स्टोरेज नभएको सूचना प्रविधि शाखाका प्रतीक कडरियाले जानकारी दिए। सर्भरको ब्याकअप नहुँदा ४० लाखभन्दा बढी नागरिकको व्यक्तिगत विवरण समाप्त हुने र धेरै ठूलो समस्या आउन सक्ने उनले बताए। विभागका २१ वटा सर्भर राष्ट्रिय सूचना प्रविधि केन्द्रमा जोडिएका छन्। डेटा रिकभर ब्याकअप नभएका कारण पटकपटक यस्तो समस्या आएको र कुनै पनि दिन वैदेशिक रोजगारमा गएका ४० लाखभन्दा बढी सर्वसाधारणको विवरण समाप्त हुने खतरा रहेको बताइन्छ। यदि ब्याकअप नहुँदा सर्भर नै गयो भने कुनै रेकर्ड वैदेशिक रोजगार विभागमा फेला पार्न सकिनेछैन।

२१ वटा सर्भरको नेटवर्किङ मर्मत र स्थायीरूपमा प्रणाली परिवर्तनका लागि पाँचदेखि १० करोडको खर्च अनुमान गरिएको सूचना अधिकारी भण्डारीले बताइन्।

जनमतले आफ्नो जनप्रतिनिधिहरूको मूल्याङ्कन गर्ने

प्रस, पर्सागढी, २४ साउन/

एप्रुवल रेटिङबाट जनमत पार्टीले स्थानीय जनप्रतिनिधिहरूको कामको मूल्याङ्कन शुरू गरेको छ। राइट टु रिकलको प्रावधान राखेको यो पार्टीबाट स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले जनचाहना अनुसार कार्य गरे नगरेको मूल्याङ्कनका लागि एप्रुवल रेट्रि गरिरहेको केन्द्रीय सदस्य राजेश चौरसियाले बताए। उनले जनमतबाट निर्वाचित जनप्रतिनिधिहरूको स्थानीय तहमा मतदान गराउने व्यवस्था गरिएको र त्यसको लागि निर्वाचन अधिकारीसमेत तोकेर स्थानीय तहमा खटाइएको बताए।

यही साउन २७ गते शनिवार हुने एप्रुवल रेटिङको मतदानका लागि केन्द्रबाट २६ जना निर्वाचन अधिकृत खटाइएको केस चौरसियाले बताए। यो मतदानमा गत वैशाखसम्म जनमत पार्टीका सदस्य बनेकाहरू मात्र भाग लिन पाउने प्रावधान राखिएको छ। मतदानअघि जनप्रतिनिधिहरूलाई मतदाताले राखेका प्रश्नको उत्तर दिने समय दिइनेछ र पछि मतदान हुने केस चौरसियाले बताए। उनले पार्टी सदस्यहरूबाट निर्वाचित जनप्रतिनिधिहरूको कार्य मूल्याङ्कनको यो नयाँ प्रयास भएको दाबी गरे। स्थानीय तहमा जनमतबाट १०५ जना निर्वाचित छन्।

राष्ट्रिय भू-संरक्षण दिवस

काठमाडौं, २४ साउन/रासस

बुधवार राष्ट्रिय भू-संरक्षण दिवस विभिन्न कार्यक्रम गरी मनाइयो। आज देशका विभिन्न स्थानमा अन्तर्क्रिया गर्नुका साथै वृक्षारोपण गरेर दिवस मनाइयो।

बाढी, पहिरो, भू-क्षयजस्ता प्राकृतिक प्रकोप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउन एवं भू-क्षय कम गरी जमीनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले २०३१ साउन २४ गतेदेखि दिवस मनाउन थालिएको हो।

विभागको स्थापनासँगै जिल्लास्तरमा भू-संरक्षण कार्यालय स्थापना गरी सेवा प्रवाह शुरू गरिएको थियो। विसं २०३१ देखि 'भू-संरक्षण दिवस' मनाउने गरिएको पाइन्छ। भू तथा जलाधार संरक्षण विभाग स्थापना भएको साउन २४ गतेलाई 'भू-संरक्षण दिवस'का रूपमा मनाउने गरिएको हो।

विगत वर्षहरूमा फूलजन्य बिरुवा, धुपी, काइयोलगायत बोटबिरुवा रोपेर सो दिवस मनाइँदै आएको छ। वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले नेपाल उच्च जोखिममा छ। संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारण मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या बेहोर्नुपरेको छ।

अस्ट्रेलियामा 'जय हो'को ट्रेलर सार्वजनिक

काठमाडौं, २४ साउन/रासस

नेपाली चलचित्रको बजार अन्तर्राष्ट्रियरूपमा विस्तार भइरहेको छ। नेपालसँगै विदेशमा पनि एकसाथ चलचित्र प्रदर्शन हुने भएपछि दर्शक बढिरहेका छन्। डिजिटल प्रविधिका कारण विश्वभर एकसाथ प्रदर्शन सम्भव भएको छ। प्रदर्शन मात्र नभई विदेशमा प्रचारप्रसार पनि शुरू गरिएको छ। आउँदो भदौ ८ गते प्रदर्शन हुने चलचित्र 'जय हो'को ट्रेलर अस्ट्रेलियाको सिड्नीस्थित रकडेलमा सार्वजनिक गरिएको छ।

चलचित्रका अभिनेता सलोन बस्नेत, निर्माताद्वय सुरज ल्वागन (सरकार) र राज के अधिकारी तथा स्थानीय प्रदर्शक देव कार्कीको सहभागितामा भएको कार्यक्रममा चलचित्रको बारेमा जानकारी गराइयो। अभिनेता बस्नेतले आफ्नोलागि यो पहिलो अनुभव रहेको बताए। उनले भने, "बजार विस्तारलाई यस्ता प्रवर्द्धनात्मक गतिविधिले सघाउने आस लिएका छौं। यहाँ प्रदर्शन हुने भएपछि प्रचारात्मक कार्यक्रम गरेका हौं।"

टेक पौरखी राईले निर्देशन गरेको चलचित्रमा अभिनेता बस्नेतसँगै केकी अधिकारी, माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठलगायतका कलाकारले अभिनय गरेका छन्। निर्देशक शोभित बस्नेत प्रस्तुतकर्ता रहेको चलचित्रमा सम्राट बस्नेतले द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेले नृत्य निर्देशन, बनिश शाहले सम्पादन, समीर मियाँले भिएफएक्स र सन्देश शाहले ट्रेलर सम्पादन गरेका छन्।

आजको राशिफल

मेष	धनखति	वृष	भाग्योदय
मिथुन	खर्चवृद्धि	कर्कट	मनोरञ्जन
सिंह	कर्मप्राप्ति	कन्या	राज्यलाभ
तुला	वादविवाद	वृश्चिक	यात्रालाभ
धनु	कडापरिश्रम	मकर	कार्यनाश
कुम्भ	उदरपीडा	मीन	विजय

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

गौर-चन्द्रपुर ...

मानिसलाई स्थानीयको सहयोगमा अस्थायी प्रहरी चौकी लौकाहाको टोलीले उद्धार गरेको थियो।

दुर्गाभगवती गापा-५ बडहर्वाटोलमा बाग्मती खोलाको बहाव बढ्न गई २५ घरधुरीमा करीब तीन फिट पानी पसेको अवस्थामा ७० जना स्थानीयलाई प्रहरी चौकी बडहर्वाको टोलीले उद्धार गरी बाग्मती बाँधमा स्थानान्तरण गरिराखेको जनाएको छ।

राजपुर नपा फतुवाको खेतमा भैंसी चराउन गएका स्थानीय पाँचजना लालबकैया खोलाको पानी ओभरफ्लो भई फसेका कारण रूखमा चढी बसेकाहरूलाई इलाका प्रहरी कार्यालय, राजपुको टोलीले डुङ्गाबाट सकुशल उद्धार गरेको प्रवक्ता यादवले बताए। सो क्रममा एउटा भैंसी बाढीमा डुबेर मरेको उनले जानकारी गराए।

सिम्रौनगढ नपाका पूर्वप्रप्रअ साहसमेत दशजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

प्रस, वीरगंज, २४ साउन/

सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानूसहित १० जनाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधवार तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत साह, लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी, इन्जिनीयर सुरेशकुमार यादव र सबइन्जिनीयर उपेन्द्र कुशवाहाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता भोला दाहालले बताए । उनले रु ३७ लाख ९३ हजार ३९२ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको बताए ।

प्रवक्ता दाहालले सिम्रौनगढ नगरपालिका–३ मा सामुदायिक भवन निर्माण कार्य र सोही वडाको नयकाटोलमा बर्थिङ सेन्टर निर्माण कार्यमा सम्झौताविपरीत नकली बील भरपाई बनाइ भ्रष्टाचार गरेको पाइएको अनुसन्धानबाट खुलेको बताएका छन् ।

इन्जिनीयर र सबइन्जिनीयरले गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐनबमोजिम कैद र जरिवाना गर्नसमेत मागदाबी गरिएको छ ।

यसैगरी, सामुदायिक भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष सिकेन्द्रप्रसाद यादव, सचिव विजयकुमार यादव र कोषाध्यक्ष कविता देवी तथा बर्थिङ सेन्टर निर्माण उपभोक्ता समितिका अध्यक्ष रामलोचन साह कानू, सचिव छठु गिरी र कोषाध्यक्ष अनीता देवीविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको प्रवक्ता दाहालले बताए । उनले सिम्रौनगढ नगरपालिकासँग भएको सम्झौताबमोजिमको शर्त पालना नगरी, लागत अनुमानबमोजिम गर्नुपर्ने कुनै काम नगरी कार्यसम्पन्न भएको भनी परिमाणको नकली बील भरपाई बनाएको पाइएको बताए ।

सिम्रौनगढ नगरपालिका–३ मा सामुदायिक भवन निर्माण कार्यका लागि १९ लाख सात हजार ५३२ र नयकाटोलमा बर्थिङ सेन्टर निर्माण कार्यका लागि १८ लाख ८५ हजार ८६० रुपियाँको बील नगरपालिकाको कार्यालयमा पेश गरी भुक्तानीसमेत लिई भ्रष्टाचार गरेको देखिएको प्रवक्ता दाहालको भनाइ छ ।

समितिका अध्यक्ष यादव, सचिव यादव, कोषाध्यक्ष कवितालाई १९ लाख सात हजार ५३२ रुपियाँ र बर्थिङ सेन्टर निर्माण उपभोक्ता समितिका अध्यक्ष साह, सचिव गिरी र कोषाध्यक्ष अनीतालाई १८ लाख ८५ हजार ८६० रुपियाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको उनले बताए ।

पुरानो कुरा बिर्सेर बलियो बनौं –नेता केसी

प्रस, वीरगंज, २४ साउन/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य बलबहादुर केसीले पुराना तीतामीठा कुरालाई बिर्सेर पहिलेको जस्तो बलियोरूपमा प्रस्तुत हुन नेका, बाराका कार्यकर्ताहरूलाई आग्रह गरेका छन् ।

कलैयास्थित नेका बाराको विपी भवनमा आयोजित विशेष आन्तरिक अभियानमा भेला भएका नेका, बारासँग आबद्ध वडा, नगर, क्षेत्र र जिल्ला कमिटीका सदस्यहरूको भेलामा नेता केसीले बारा काङ्ग्रेसलाई पुरानै लयमा फर्कन सुझाए ।

उनले आपसी तिक्तताका कारण गुट–उपगुटमा लागेर नेका, बारालाई नै बेफाइदा भएको र त्यसको लाभ अन्य पार्टीले उठाउने गरेको भन्दै आगामी दिनमा त्यस प्रकारका कुनै तुष नराखी एकताबद्ध भएर अगाडि बढ्न केन्द्रले आफूलाई जिम्मेवारी दिएर पठाएको र यसमा बारा काङ्ग्रेसका सदस्यहरूको साथ र सहयोग रहने विश्वास व्यक्त गरे ।

"आन्तरिक विषेश अभियान"
नेपाली कांग्रेस, बारा
समितिको विस्तारित बैठक
का. केन्द्रिय सदस्य तथा
र केसि ज्यू

नेका, बाराका सभापति राजेशराय यादवको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य नारायणी रायमाझी, प्रदेशसभा सदस्य मीना लामा, उपसभापति मनोज भट्ट, अमिरीलाल पाल, क्षेत्रीय सभापति लुकेश सिंह, सुनील गुप्ता, निजगढ नपाका पूर्वप्रमुख सुरेश खनाल, नेमसङ्घ बाराकी अध्यक्ष कलावतीदेवी पासवान, तरुण दल बाराका अध्यक्ष दीपेन्द्र पटेल, नाजिर अन्सारी, जिल्ला सदस्य राजकुमार साह कानूले आपसी मनमुटाव रहेकाले यसलाई मेटाउन जरुरी भएको सुझाव पेश गरेका थिए ।

उनीहरूले वडा, नगर, क्षेत्र, प्रदेशस्तरको बैठकलाई निरन्तरता दिनुका साथै नेका बारालाई कसरी एकताबद्ध गरी बलियोरूपमा प्रस्तुत हुने भन्नेबारेमा नेतृत्व तहले गम्भीरतापूर्वक विचार पुऱ्याउनुपर्ने आग्रह गरेका थिए ।

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

ठाकुर रामलाई व्यवस्थित बनाउने नगरप्रमुखको आश्वासन

प्रस, वीरगंज, २४ साउन/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले ठाकुर राम बहुमुखी क्याम्पसलाई गौरवको रूपमा कायम राख्नका लागि सरोकारवाला सबै एक हुनुपर्ने बताएका छन् ।

क्याम्पसले बुधवार आयोजना गरेको छलफल कार्यक्रममा नगरप्रमुख सिंहले क्याम्पसको गौरवलाई यथावत् राख्न पठनपाठनलाई स्तरीय बनाउन जरुरी भएको बताए ।

क्याम्पसका भौतिक संरचना मर्मत र पुनर्निर्माणका लागि महानगर लगानी गर्न तयार रहेको उनले आश्वासन दिए । उनले निर्माण गरिएका संरचना तोडफोड हुने, अराजनीतिक गतिविधि हुँदैन भनेर क्याम्पस प्रशासनले ठोस योजना अघि ल्याएको खण्डमा महानगर लगानी गर्न तयार रहेको उनले बताए ।

क्याम्पस प्रमुख रञ्जीतप्रसाद यादवले क्याम्पसको शैक्षिक वातावरण चुस्त बनाउन लागिपरेको भन्दै त्यसका लागि महानगरको साथ अपरिहार्य रहेको बताए ।

उनले क्याम्पसका प्राध्यापकहरू एकजुट भएर शैक्षिक वातावरण सुधार्न प्रतिबद्ध रहेको दाबी गरे । साथै उनले यसका लागि विद्यार्थी, राजनीतिक दल र सरोकारवालाहरूको साथ र सहयोग आवश्यक हुने बताए ।

पूर्व क्याम्पस प्रमुख ललन द्विवेदीले ६० वर्षभन्दा पुरानो भवनमा अहिले क्याम्पस चलिरहेको भन्दै संरचना निर्माणमा केन्द्रबाट सहयोग हुने नदेखिएकोले महानगरको साथ खोज्नुपरेको प्रस्ट्याए ।

उनले वीरगंज र आसपासका जिल्लाका विद्यार्थीहरूको बाहुल्यता रहेको ठाकुर रामलाई विशेष ध्यान दिन नगरप्रमुख सिंहलाई सुझाए । कार्यक्रममा सहायक क्याम्पस प्रमुख अनिल रमण, विनोदप्रसाद साह, गीता श्रेष्ठ, प्राध्यापक सङ्घका डा प्रमोदकुमार कुशवाहा, कर्मचारी सङ्घका किशोरी चौधरीलगायतको सहभागिता थियो ।

महानगरमा पिउने पानीको हाहाकार यथावत्

प्रस, वीरगंज, २४ साउन/

वीरगंज महानगरपालिका अन्तर्गतका वडाहरूमा पिउने पानीको समस्या यथावत् छ । केही दिनदेखि पानी पर्ने क्रम जारी रहे पनि यसले जमीनमुनिको पानीको सतह बढाउन नसकेको महानगरका खानेपानी महाशाखाका भोगेन्द्र चापागाईंले बताए । उनले अहिले निरन्तर पानी पर्दा केवल छ इन्च मात्र जमीनमुनिको पानीको सतह वृद्धि भएको बताए । जमीनमुनिको पानीको सतह कम्तीमा २७ फिट कायम भएपछि सुकेका चापाकलमा पानी आउने उनले बताए ।

अहिले जमीनमुनिको पानीको सतह करीब ३० फिट मुनि गएको छ । अझै तीन फिट सतह बढेको खण्डमा चापाकलमा पानी आउन सक्छ । महानगरमा पछिल्लो समय गर्मी बढेसँगै जमीनमुनिको पानीको सतह घटेर ३४ देखि ३६ फिट मुनिसम्म पुगेको चापागाईंले बताए । जमीनमुनिको पानीको सतह नबढेपछि अहिले पनि महानगरका थुप्रै वडामा पिउने पानीको हाहाकार कायम छ । महानगरपालिकाले पिउने पानीको समस्या नहोस् भनेर वडाहरूमा १०/१० वटा खानेपानी संस्थानको धारा जडान गरेको छ भने केही वडामा पाँच र १० हजार लिटरका पानी टङ्की जडान गरेर पिउने पानीको व्यवस्था गरेको छ। यसको अलावा संस्थानको धारा जडानका लागि सबै खाले सडक भत्काउन स्वीकृति प्रदान गर्दै आएको छ । जसले गर्दा अहिले महानगरका मुख्य सडकदेखि सहायक सडकहरूसमेत काटिएका छन् ।

मधेस लोकसेवा तयारी केन्द्रको उद्घाटन

प्रस, वीरगंज, २४ साउन/

मधेस लोकसेवा तयारी केन्द्रको बुधवार उपप्रमुख इम्तियाज आलमले उद्घाटन गरेका छन् ।

सो अवसरमा उनले मधेस लोकसेवा तयारी केन्द्रले विद्यार्थीको भविष्य बनाउने महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्ने कुरामा आफू आशावादी रहेको बताए । लोकसेवा आयोगलगायत सरकारी सेवाका रोजगारप्रति विद्यार्थीको चासो बढ्दै गएकाले सुलभ शुल्कमा शिक्षा प्रदान गर्न उनले सुझाए ।

मधेस लोकसेवा तयारी केन्द्रले लोकसेवा आयोग, शिक्षक सेवा आयोग, बैंकिङ तयारी कक्षा, सुरक्षा निकाय, कम्प्युटर कक्षा, प्राविधिक सेवालगायत अन्य कोर्सहरू अध्ययन गराउने निर्देशक शेखकुमार हजराले बताए ।

पर्सागढीमा पनि आँखा पाक्ने समस्या

बलिराम शुक्ला, बिरुवागुठी, २४ साउन/

पर्सागढी नगरपालिकासमेत जिल्लाका ग्रामीण भेगमा आँखा पाक्ने रोग आइफ्लूको सङ्क्रमण बढेको छ ।

आँखा पाक्ने रोग आइफ्लूको सङ्क्रमण बढिजसो तीनदेखि १२ वर्षसम्मका बालबालिकाहरूमा देखा परेका छन् । अहिले दिनहुँजसो स्थानीय क्लिनिकमा दर्जनौं यो रोगबाट पीडित मानिसहरू जचाउन आउने गरेको पाइएको छ । पर्साका केही सामुदायिक विद्यालयहरू वर्षे बिदाका कारण बन्द छन् । तर निजी विद्यालयहरू भएकाले विद्यार्थीहरूमा यो रोगको प्रकोप देखिएको छ । सामुदायिक विद्यालयहरू खुलेपछि झन् बढी सङ्ख्यामा आँखाका रोगीहरू देखा पर्नेछन् । आँखा पाक्ने आइफ्लू भीडभाडमा बढी सर्ने हुँदा यस्ता रोगीहरूदेखि टाढै बस्न चिकित्सकहरूले सुझाएका छन् ।

आँखा तथा दन्त अस्पताल, पर्सागढीका सञ्चालक जीतेन्द्रकुमार गिरीले अहिले दैनिक दर्जन बढी बालबालिकाहरू आँखाको समस्या लिएर आउने गरेका बताए । उनले आँखा चिलाउने, आँसु आउने, सुनिन्ने, चिप्रा आउने जस्ता लक्षणहरू देखा परेका र यस्ता बिरामीहरू बढीमा एक सातामा निको हुने गरेको अनुभव सुनाए ।

घाइते जुमाद्दीन अन्सारीको मृत्यु

प्रस, वीरगंज, २४ साउन/

यही साउन २० गते शनिवारका दिन साँझ पर्सागढी नगरपालिका–४ बर्वाटोलमा भएको केटी भगाउने विषयलाई लिएर भएको झडपमा घाइते २८ वर्षीय जुमाद्दीन अन्सारीको बुधवार बिहान उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले बर्वाटोलमा अलि महमदको घरअगाडि स्थानीय अतुल्लाह अन्सारीको बहिनीलाई फोन गरेर भगाउन खोजेको विषयमा झगडा हुँदा जुमाद्दीन अन्सारी घाइते भएका थिए ।

टाउकोमा गम्भीर चोट लागेको अन्सारीको आज न्युरो अस्पतालमा बिहान सवा पाँच बजे मृत्यु भएको प्रवक्ता गिरीले बताए । यो झगडामा संलग्न रहेका स्थानीय अतुल्लाह अन्सारी र वकील अन्सारीलाई प्रहरीले नियन्त्रणमा राखेको छ भने उनीहरूविरुद्ध कर्तव्य ज्यान मुद्दा दायर गरिएको प्रवक्ता गिरीले बताए ।

सर्पको टोकाइबाट बचौं

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुल प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियार रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड